# संघीय संसद

## प्रतिनिधि सभा
## **पाँचौं अधिवेशन**

# **बैठकको कारवाहीको संक्षिप्त विवरण**
# **२०७६**

(सूचना पत्र - २)

प्रारम्भ मिति :-
**२०७६ साल पुस ४ गते शुक्रबार**

अन्त्य मिति :-
**२०७६ साल चैत २४ गते सोमबार**

संघीय संसद सचिवालय
कार्यव्यवस्था शाखा
संसद्भवन, सिंहदरबार
काठमाडौं

संघीय संसद,

# प्रतिनिधि सभा

पाँचौं अधिवेशन

***बैठक बसेको मिति, प्रारम्भ र अन्त्य सम्बन्धी विवरण***

| सि.नं. | बैठक संख्या | मिति | शुरु समय | अन्त्य समय |
|---|---|---|---|---|
| १. | १ | २०७६/०९/४ | ४:०५ | ४:१५ |
| २. | | २०७६/०९/११ | सूचना प्रकाशित | |
| ३. | | २०७६/०९/१६ | सूचना प्रकाशित | |
| ४. | | २०७६/०९/२७ | सूचना प्रकाशित | |
| ५. | २, ३ | २०७६/१०/०६ | १:२५<br>४:०० | १:३०<br>४:०५ |
| ६. | ४ | २०७६/१०/१२ | ३:१५ | ३:५० |
| ७. | ५ | २०७६/१०/१४ | १:३० | २:५० |
| ८. | ६ | २०७६/१०/१७ | ११:२० | ११:४५ |
| ९. | ७ | २०७६/१०/२१ | १:१० | २:४० |
| १०. | ८ | २०७६/१०/२३ | १:१० | १:२५ |
| ११. | ९ | २०७६/१०/२४ | १:२०<br>सूचना प्रकाशित | १:४० |
| १२. | १० | २०७६/१०/२६ | १:४५ | १:५५ |
| १३. | ११ | २०७६/१०/२८ | १:१० | २:३५ |
| १४. | १२ | २०७६/१०/२९ | १:१० | ३:१० |
| १५. | १३ | २०७६/११/०२ | २:०० | २:०५ |
| १६. | १४ | २०७६/११/०३ | ११:१५ | १:३५ |
| १७. | १५ | २०७६/११/०६ | १:१० | २:२० |
| १८. | १६ | २०७६/११/०८ | ३:०० | ३:१० |
| १९. | १७ | २०७६/११/१३ | १:१०<br>सूचना प्रकाशित | ४:२० |
| २०. | १८ | २०७६/११/१४ | १:१५ | ४:२५ |
| २१. | १९ | २०७६/११/१५ | १:०५ | ३:४५ |
| २२. | २० | २०७६/११/१८ | १:१० | ५:०० |
| २३. | २१ | २०७६/११/१९ | १:२० | ४:०० |
| २४. | २२ | २०७६/११/२१ | १:३५ | ३:१५ |
| २५. | २३ | २०७३/११/२३ | ११:१० | ३:२५ |
| २६. | २४ | २०७६/११/२९ | ११:१५ | १:१५ |
| २७. | | २०७६/१२/०७ | सूचना प्रकाशित | |
| २८. | | २०७६/१२/१३ | सूचना प्रकाशित | |
| २९. | | २०७६/१२/२३ | सूचना प्रकाशित | |
| ३०. | | २०७६/१२/३० | अधिवेशन अन्त्य * | |

* सम्माननीय राष्ट्रपतिबाट २०७६/१२/२४ गते राती १२:०० बजेदेखि संघीय संसदको अधिवेशन अन्त्य गर्नुभएकोले सोही दिनबाटै पाँचौं अधिवेशन स्वतः अन्त्य भएकोले २०७६/१२/३० को बैठक समेत स्थगित भएको।

# संघीय संसद
# प्रतिनिधि सभा
पाँचौं अधिवेशन
## बैठक संख्या - १
## सूचनापत्र - २
(बैठकको कारवाहीको संक्षिप्त विवरण)

२०७६ साल पुस ४ गते शुक्रबार

प्रतिनिधि सभाको पाँचौं अधिवेशनको पहिलो बैठक माननीय उपसभामुख डा० शिवमाया तुम्बाहाङफेको अध्यक्षतामा दिनको ४:०५ बजे प्रारम्भ भयो ।

सर्वप्रथम सम्माननीय सभामुखले सम्माननीय राष्ट्रपतिबाट प्राप्त अधिवेशन आव्हान सम्बन्धी निम्नलिखित पत्र पढेर सुनाउनु भयो ।

नेपालको संविधानको धारा ९३ को उपधारा (१) बमोजिम सम्वत् २०७६ साल पुस ४ गते शुक्रबारका दिन १६:०० बजे अन्तर्राष्ट्रिय सम्मेलन केन्द्र, नयाँ बानेश्वर, काठमाडौंमा संघीय संसदको दुवै सदनको अधिवेशन आव्हान गरेको छु ।

मिति :- २०७६ मंसिर २४ (विद्यादेवी भण्डारी)

तदुपरान्त सम्माननीय सभामुखले पाँचौं अधिवेशनको पहिलो बैठकमा पाल्नुभएका सम्पूर्ण मा० सदस्यहरुलाई हार्दिक स्वागत गर्नुभयो ।

तत्पश्चात गणतन्त्र र लोकतन्त्र प्राप्तिका लागि जीवन उत्सर्ग गर्ने ज्ञात अज्ञात शहिदहरु प्रति श्रद्धाञ्जली अर्पण गर्न सभाले उठेर एक मिनेट मौन धारण गर्‍यो ।

त्यसपछि सम्माननीय सभामुखले राष्ट्रपतिको कार्यालयबाट निम्नलिखित पत्रको व्यहोरा पढेर सुनाउनु भयो ।

सम्माननीय राष्ट्रपति श्रीमती विद्यादेवी भण्डारीज्यूले नेपालको संविधानको धारा ७६ को उपधारा (९) बमोजिम सम्माननीय प्रधानमन्त्रीज्यूको सिफारिशमा मौजुदा मन्त्रिपरिषद्मा देहाय बमोजिमको नियुक्ति, हेरफेर र कार्य विभाजन गरी देहाय बमोजिम मन्त्रिपरिषद् गठन गर्नुभएको छ ।

| क्र.सं. | नाम, थर | पदनाम | कार्यविभाजन |
|---|---|---|---|
| १. | श्री केपी शर्मा ओली | प्रधानमन्त्री | |
| २. | श्री ईश्वर पोखरेल | उपप्रधानमन्त्री | रक्षा |
| ३. | श्री उपेन्द्र यादव | उपप्रधानमन्त्री | कानुन, न्याय तथा संसदीय मामिला |
| ४. | श्री रामबहादुर थापा | मन्त्री | गृह |
| ५. | श्री प्रदीपकुमार ज्ञवाली | मन्त्री | परराष्ट्र |
| ६. | श्री हृदयेश त्रिपाठी | मन्त्री | संघीय मामिला तथा सामान्य प्रशासन |
| ७. | श्री गिरिराजमणि पोखरेल | मन्त्री | शिक्षा, विज्ञान तथा प्रविधि |
| ८. | श्री बर्षमान पुन | मन्त्री | ऊर्जा, जलस्रोत तथा सिँचाइ |
| ९. | श्री घनश्याम भुसाल | मन्त्री | कृषि तथा पशुपन्छी विकास |
| १०. | श्री भानुभक्त ढकाल | मन्त्री | स्वास्थ्य तथा जनसंख्या |
| ११. | श्री लेखराज भट्ट | मन्त्री | उद्योग, वाणिज्य तथा आपूर्ति |
| १२. | श्री योगेशकुमार भट्टराई | मन्त्री | संस्कृति, पर्यटन तथा नागरिक उड्डयन |
| १३. | श्री शक्तिबहादुर बस्नेत | मन्त्री | वन तथा वातावरण |
| १४. | श्री रामेश्वर राय यादव | मन्त्री | श्रम, रोजगार तथा सामाजिक सुरक्षा |
| १५. | डा. युवराज खतिवडा | मन्त्री | अर्थ |
| १६. | श्री मोहम्मद इश्तियाक राई | मन्त्री | सहरी विकास |
| १७. | श्री जगतबहादुर सुनार (विश्वकर्मा) | मन्त्री | युवा तथा खेलकुद |
| १८. | श्री गोकुलप्रसाद बाँस्कोटा | मन्त्री | सञ्चार तथा सूचना प्रविधि |
| १९. | श्री पद्माकुमारी अर्याल | मन्त्री | भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण |
| २०. | श्री बीना मगर | मन्त्री | खानेपानी |
| २१. | श्री वसन्तकुमार नेम्बाङ्ग | मन्त्री | भौतिक पूर्वाधार तथा यातायात |
| २२. | श्री पार्वत गुरुङ | मन्त्री | महिला, बालबालिका तथा ज्येष्ठ नागरिक |

| क्र.सं. | नाम, थर | पदनाम | कार्यविभाजन |
|---|---|---|---|
| २३. | श्री मोतीलाल दुगड | राज्यमन्त्री | उद्योग, वाणिज्य तथा आपूर्ति |
| २४. | श्री नवराज रावत | राज्यमन्त्री | स्वास्थ्य तथा जनसंख्या |
| २५. | श्री रामबिर मानन्धर | राज्यमन्त्री | सहरी विकास |

मिति :- २०७६/८/४

(डा. हरि पौडेल)
सचिव

तदुपरान्त सम्माननीय सभामुखले पूर्व सदस्य हरि वैरागी दाहालको निधन भएकोमा निम्नलिखित शोक प्रस्ताव प्रस्तुत गर्नुहुँदा सर्वसम्मतिबाट पारित भयो ।

शोक प्रस्ताव

"प्रतिनिधि सभाको यो बैठक २०५१ सालमा तत्कालिन ने.क.पा.एमालेको तर्फबाट संखुवासभा जिल्ला क्षेत्र नं. २ बाट प्रतिनिधि सभामा निर्वाचित सदस्य, कम्यूनिष्ट एवं लोकतान्त्रिक आन्दोलनमा क्रियाशिल जनपक्षीय नेता श्री हरि वैरागी दाहालको ६२ वर्षको उमेरमा मिति २०७६ साल असोज ३ गते उपचारको क्रममा मनमोहन कार्डियोथोरासिक भास्कुलर एण्ड ट्रान्सप्लान्ट सेन्टर, महाराजगञ्जमा निधन भएकोले उहाँको निधनप्रति शोक प्रकट गरी श्रद्धाञ्जली अर्पण गर्दै शोक-सन्तप्त परिवारप्रति समवेदना प्रकट गर्दछ ।"

तत्पश्चात सम्माननीय सभामुखले पूर्व सदस्य कमला कुमारी घिमिरेको निधन भएकोमा निम्नलिखित शोक प्रस्ताव प्रस्तुत गर्नुहुँदा सर्वसम्मतिबाट पारित भयो ।

शोक प्रस्ताव

"प्रतिनिधि सभाको यो बैठक २०७० सालको संविधान सभा निर्वाचनमा तत्कालिन ने.क.पा. एमालेबाट समानुपातिक तर्फबाट निर्वाचित सदस्य, कम्यूनिष्ट आन्दोलनमा क्रियाशिल नेतृ श्री कमला कुमारी घिमिरेको ५० वर्षको उमेरमा मिति २०७६ साल कार्तिक ९ गते आफ्नै निजी निवास लोकन्थलीमा ब्रेन ट्यूमरका कारण निधन भएकोले उहाँको निधनप्रति शोक प्रकट गरी श्रद्धाञ्जली अर्पण गर्दै शोक-सन्तप्त परिवारप्रति समवेदना प्रकट गर्दछ ।"

त्यसपछि सम्माननीय सभामुखले पूर्व सदस्य रामलखन महतोको निधन भएकोमा निम्नलिखित शोक प्रस्ताव प्रस्तुत गर्नुहुँदा सर्वसम्मतिबाट पारित भयो ।

शोक प्रस्ताव

"प्रतिनिधि सभाको यो बैठक २०५१ सालमा तत्कालिन ने.क.पा. एमालेको तर्फबाट धनुषा जिल्ला निर्वाचन क्षेत्र नं. ५ बाट प्रतिनिधि सभामा निर्वाचित सदस्य श्री रामलखन महतोको ६६ वर्षको उमेरमा मिति २०७६ साल कार्तिक १५ गते निधन भएकोले उहाँको निधनप्रति शोक प्रकट गरी श्रद्धाञ्जली अर्पण गर्दै शोक-सन्तप्त परिवारप्रति समवेदना प्रकट गर्दछ ।"

तदुपरान्त सम्माननीय सभामुखले पूर्व सदस्य रामेश्वर ढुंगेलको निधन भएकोमा निम्नलिखित शोक प्रस्ताव प्रस्तुत गर्नुहुँदा सर्वसम्मतिबाट पारित भयो ।

शोक प्रस्ताव

"प्रतिनिधि सभाको यो बैठक २०७० सालको संविधान सभा निर्वाचनमा नेपाली काँग्रेसबाट भक्तपुर जिल्ला क्षेत्र नं. २ बाट निर्वाचित सदस्य, प्रजातन्त्र र लोकतन्त्र स्थापनाको संघर्षमा सदैव क्रियाशील, इमान्दार, शालीन एवं भद्र नेता रामेश्वर ढुंगेलको ५९ वर्षको उमेरमा मिति २०७६ साल पुस १ गते मंगलबार उपचारको क्रममा त्रि.वि. शिक्षण अस्पताल, महाराजगञ्जमा निधन भएकोले उहाँको निधनप्रति शोक प्रकट गरी श्रद्धाञ्जली अर्पण गर्दै शोक-सन्तप्त परिवारप्रति समवेदना प्रकट गर्दछ ।"

तत्पश्चात स्वर्गीय हरि वैरागी दाहाल, कमला कुमारी घिमिरे, रामलखन महतो एवं रामेश्वर ढुंगेलको निधनप्रति शोक व्यक्त गर्न सभाले उठेर १ मिनेट मौन धारण गर्‍यो ।

तदनन्तर बैठक २०७६ साल पुस ११ गते शुक्रबार दिनको १:०० बजे बस्नेगरी दिनको ४:१५ बजे स्थगित भयो ।

मनोहरप्रसाद भट्टराई
संघीय संसदको महासचिव

# संघीय संसद

## प्रतिनिधि सभा

### सूचनापत्र –४

### २०७६ साल पुस ११ गते

### शुक्रबार

आज मिति २०७६ साल पुस ११ गते शुक्रबार दिनको १:०० बजे बस्ने गरी निर्धारण गरिएको प्रतिनिधि सभाको बैठक विशेष कारणवश बस्न नसक्ने भएकोले नेपालको संविधानको धारा ९१ को उपधारा (४) बमोजिम प्रतिनिधि सभाको अध्यक्षता गर्नुहुने माननीय उपसभामुखज्यूले प्रतिनिधि सभा नियमावली, २०७५ को नियम ६ को उपनियम (३) बमोजिम अर्को बैठक मिति २०७६ साल पुस १६ गते बुधबार दिनको १:०० बजे बस्नेगरी निर्धारण गर्नुभएको व्यहोरा मा० सदस्यहरुको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**मनोहरप्रसाद भट्टराई**
**संघीय संसदको महासचिव**

# संघीय संसद

## प्रतिनिधि सभा

## सूचनापत्र –४

## २०७६ साल पुस १५ गते

## मंगलबार

मिति २०७६ साल पुस १६ गते बुधबार दिनको १:०० बजे बस्ने गरी सूचना गरिएको प्रतिनिधि सभाको बैठक विशेष कारणवश बस्न नसक्ने भएकोले नेपालको संविधानको धारा ९१ को उपधारा (४) बमोजिम प्रतिनिधि सभाको अध्यक्षता गर्नुहुने माननीय उपसभामुखज्यूले प्रतिनिधि सभा नियमावली, २०७५ को नियम ६ को उपनियम (३) बमोजिम अर्को बैठक मिति २०७६ साल पुस २७ गते आइतबार दिनको १:०० बजे बस्नेगरी निर्धारण गर्नुभएको व्यहोरा मा० सदस्यहरुको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**मनोहरप्रसाद भट्टराई**
**संघीय संसदको महासचिव**

# संघीय संसद

## प्रतिनिधि सभा

### सूचनापत्र –४

### २०७६ साल पुस २७ गते

### आइतबार

मिति २०७६ साल पुस २७ गते आइतबार दिनको १:०० बजे बस्ने गरी सूचना गरिएको प्रतिनिधि सभाको बैठक विशेष कारणवश बस्न नसक्ने भएकोले नेपालको संविधानको धारा ९१ को उपधारा (४) बमोजिम प्रतिनिधि सभाको अध्यक्षता गर्नुहुने माननीय उपसभामुखज्यूले प्रतिनिधि सभा नियमावली, २०७५ को नियम ६ को उपनियम (३) बमोजिम अर्को बैठक मिति २०७६ साल माघ ६ गते सोमबार दिनको १:०० बजे बस्नेगरी निर्धारण गर्नुभएको व्यहोरा मा० सदस्यहरुको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**मनोहरप्रसाद भट्टराई**

**संघीय संसदको महासचिव**

# संघीय संसद
# प्रतिनिधि सभा
पाँचौं अधिवेशन
## बैठक संख्या - २ र ३

## सूचनापत्र - २
(बैठकको कारवाहीको संक्षिप्त विवरण)

२०७६ साल माघ ६ गते सोमबार

प्रतिनिधि सभाको आजको पहिलो बैठक माननीय उपसभामुख डा० शिवमाया तुम्बाहाङफेको अध्यक्षतामा दिनको १:२५ बजे प्रारम्भ भयो ।

सर्वप्रथम सम्माननीय सभामुखले आजको कार्यसूचीमा रहेको कार्यक्रम सूचीबाट हटाइएको व्यहोरा जानकारी गराउनु भयो ।

तदुपरान्त सम्माननीय सभामुखले अप्रत्यासित र अस्वभाविक परिस्थितिका कारण प्रतिनिधि सभाको सभामुख पद रिक्त भएकोले यस गरिमामय सदनलाई नेतृत्व विहिन राख्न नहुने र सभामुख चयनको ठोस आधार तय भएपछि मार्ग प्रशस्त गर्ने मान्यता राखेर र त्यही भावना अनुरुप सभामुख पदको निर्वाचनको लागि आफुले मार्गप्रशस्त गर्ने भन्नुहुँदै यस अवधिमा प्रतिनिधि सभाको उपसभामुख पदमा रही नेतृत्व गर्न पाएकोमा खुशी व्यक्त गर्नुहुँदै सो कार्यमा साथ दिनुहुने सम्पूर्णलाई धन्यवाद समेत दिनुभयो ।

तदनन्तर अर्को बैठक आजै दिनको ४:०० बजे बस्नेगरी दिनको १:३० बजे स्थगित भयो ।

प्रतिनिधि सभाको आजको दोस्रो बैठक माननीय ज्येष्ठ सदस्य श्री महन्थ ठाकुरको अध्यक्षतामा दिनको ४:०० बजे प्रारम्भ भयो ।

सर्वप्रथम सम्माननीय सभामुखले प्रतिनिधि सभाका मा० उपसभामुखले आफ्नो पदबाट दिनुभएको निम्नलिखित राजीनामा प्रतिनिधि सभा नियमावली, २०७५ को नियम २११ को उपनियम (२) बमोजिम सभा समक्ष पढेर सुनाउनु भयो ।

> नेपालको संविधानको धारा ९१ को उपधारा (६) को खण्ड (ख) तथा प्रतिनिधि सभा नियमावली, २०७५ को नियम २११ को उपनियम (१) बमोजिम प्रतिनिधि सभाको उपसभामुख पदबाट मैले आजैको मितिदेखि लागू हुने गरी राजीनामा दिएको व्यहोरा अनुरोध गर्दछु ।

मिति : २०७६।१०।६

डा. शिवमाया तुम्बाहाङफे
उपसभामुख
प्रतिनिधि सभा

तदुपरान्त सम्माननीय सभामुखले प्रतिनिधि सभा नियमावली, २०७५ को नियम ७ बमोजिम प्रतिनिधि सभाको सभामुख पदको निर्वाचनको लागि यही २०७६ साल माघ १२ गते आइतबारको दिन तोकेको व्यहोरा जानकारी गराउँदै सोही नियमावली बमोजिम संघीय संसदको महासचिव श्री मनोहरप्रसाद भट्टराईलाई सभामुख पदको निर्वाचन कार्यक्रम सम्बन्धी सूचना आजै प्रकाशित गर्न निर्देशन दिनुभयो ।

तदनन्तर अर्को बैठक २०७६ साल माघ १२ गते आइतबार दिनको ३:०० बजे बस्नेगरी दिनको ४:०५ बजे स्थगित भयो ।

मनोहरप्रसाद भट्टराई
संघीय संसदको महासचिव

# संघीय संसद
# प्रतिनिधि सभा
पाँचौं अधिवेशन
## बैठक संख्या - ४
## सूचनापत्र - २
(बैठकको कारवाहीको संक्षिप्त विवरण)

२०७६ साल माघ १२ गते आइतबार

प्रतिनिधि सभाको आजको बैठक माननीय ज्येष्ठ सदस्य श्री महन्थ ठाकुरको अध्यक्षतामा दिनको ३:१५ बजे प्रारम्भ भयो ।

सर्वप्रथम सम्माननीय सभामुखले प्रतिनिधि सभाको सभामुख पदको निर्वाचन कार्यक्रम अनुसार प्रतिनिधि सभा नियमावली, २०७५ को नियम ७ को उपनियम (२) बमोजिम माननीय सदस्य श्री अग्निप्रसाद सापकोटालाई सभामुख पदमा निर्वाचित गरियोस् भन्ने एक मात्र प्रस्तावको सूचना प्राप्त हुन आएको व्यहोरा जानकारी गराउनु भयो ।

तदुपरान्त उक्त प्रस्तावका प्रस्तावक मा० श्री सुवास चन्द्र नेम्वाङले "यस सभाका माननीय सदस्य श्री अग्निप्रसाद सापकोटालाई प्रतिनिधि सभाको सभामुख पदमा निर्वाचित गरियोस्" भनी प्रस्ताव प्रस्तुत गर्नुभयो ।

तत्पश्चात उक्त प्रस्तावका समर्थक निम्नलिखित मा० सदस्यहरुले प्रस्तावको समर्थन गर्नुभयो :-

१. मा० श्री देवप्रसाद गुरुङ
२. मा० श्री लक्ष्मणलाल कर्ण
३. मा० श्री ओनसरी घर्ती

त्यसपछि मा० श्री मिनेन्द्र प्रसाद रिजालले सभामुख निर्वाचनको सन्दर्भमा नेपाली काँग्रेस संसदीय दलको निर्णय जानकारी गराउँदै आफ्नो भनाई राख्नुभयो ।

तत्पश्चात सम्माननीय सभामुखले "यस सभाका माननीय सदस्य श्री अग्निप्रसाद सापकोटालाई प्रतिनिधि सभाको सभामुख पदमा निर्वाचित गरियोस्" भन्ने एकमात्र प्रस्तावको सूचना प्राप्त भएकोले प्रतिनिधि सभा नियमावली, २०७५ को नियम ७ को उपनियम (३) बमोजिम माननीय श्री अग्निप्रसाद सापकोटा प्रतिनिधि सभाको सभामुख पदमा निर्विरोध निर्वाचित हुनु भएको घोषणा गर्नुभयो ।

त्यसपछि सम्माननीय सभामुखले संघीय संसद, प्रतिनिधि सभाको सभामुख जस्तो गरिमामय पदमा निर्विरोध निर्वाचित हुनु भएकोमा माननीय श्री अग्निप्रसाद सापकोटालाई आफ्नो व्यक्तिगत एवं प्रतिनिधि सभाको तर्फबाट कार्यकालको सफलताको लागि शुभकामना व्यक्त गर्दै हार्दिक बधाई दिनुभयो ।

तदुपरान्त सम्माननीय सभामुखले संघीय संसद, प्रतिनिधि सभाको यस अधिवेशनमा ज्येष्ठ सदस्यको रुपमा बैठकको अध्यक्षता गर्न पाएकोमा ज्यादै खुशी र गौरवान्वित महशुस गरेको भन्नुहुँदै मेरो अध्यक्षता अवधिभर बैठक सञ्चालनमा सहयोग पुऱ्याउनु हुने सभाका मा० सदस्यहरु, नेपाल सरकार, संघीय संसदको महासचिव लगायत सचिवालयका सम्पूर्ण कर्मचारीहरुलाई धन्यवाद दिनुभयो ।

तदनन्तर अर्को बैठक २०७६ साल माघ १४ गते मंगलबार दिनको १:०० बजे बस्नेगरी दिनको ३:५० बजे स्थगित भयो ।

मनोहरप्रसाद भट्टराई
संघीय संसदको महासचिव

# संघीय संसद
# प्रतिनिधि सभा
पाँचौं अधिवेशन
## बैठक संख्या - ५

## सूचनापत्र - २
(बैठकको कारवाहीको संक्षिप्त विवरण)

२०७६ साल माघ १४ गते मंगलबार

प्रतिनिधि सभाको आजको बैठक सम्माननीय सभामुख श्री अग्निप्रसाद सापकोटाको अध्यक्षतामा दिनको १:३० बजे प्रारम्भ भयो ।

सर्वप्रथम सम्माननीय प्रधानमन्त्री श्री के.पी. शर्मा ओलीले नवनियुक्त सभामुखलाई बधाई तथा शुभकामना दिनुहुँदै कार्यकालको सफलताको कामना समेत गर्नुभयो ।

तदुपरान्त नवनिर्वाचित प्रतिनिधि सभाका सभामुखलाई निम्नलिखित मा० सदस्यहरुले बधाई तथा शुभकामना दिनुभयो :-

१. मा० श्री शेरबहादुर देउवा
२. मा० श्री महिन्द्र राय यादव
३. मा० डा० बाबुराम भट्टराई
४. मा० श्री दुर्गा पौडेल
५. मा० श्री प्रेम सुवाल

तत्पश्चात सम्माननीय सभामुखले सम्मानित प्रतिनिधि सभाको सभामुख पदमा निर्विरोध निर्वाचित गर्नु भएकोमा यो सम्मानित सदन र सबै मा० सदस्यहरुप्रति हार्दिक आभार व्यक्त गर्दै बधाई तथा शुभकामना दिनुहुने सम्पूर्ण माननीय सदस्यहरुप्रति हार्दिक आभार व्यक्त गर्नुभयो । उहाँले यो घडीमा नेपालमा संघीय लोकतान्त्रिक गणतन्त्रको स्थापना तथा अग्रगामी परिवर्तनका लागि भएका सबै संघर्षका महान शहीद एवं बेपत्ता योद्धाहरुको स्परण गर्दै घाइते-अपाङ्ग योद्धाहरुप्रति सम्मान प्रकट गर्दछु भन्नुभयो ।

साथै उहाँले नेपाली जनताले आफ्ना प्रतिनिधिमार्फत् संविधान सभाबाट बनाएको संविधानको कार्यान्वयन र आम नेपाली जनताको शान्ति, समृद्धि र सुशासनको चाहनालाई सम्बोधन गर्न यो जननिर्वाचित सार्वभौम प्रतिनिधि सभाको महत्वपूर्ण भूमिका निर्वाहका लागि सदैव जोड रहनेछ । देश र जनताका सरोकारका विषयमाथि छलफल गर्न पर्याप्त र समुचित वातावरण निर्माण गर्दै सभालाई जीवन्त बनाई राख्नका लागि मेरो ध्यान केन्द्रित हुनेछ । जननिर्वाचित यस गरिमामय संस्थाको ओज र प्रतिष्ठालाई अझ उँचो बनाउनका लागि म भगीरत प्रयत्न गर्नेछु । सभामुख पदको गरिमालाई कायम राख्न विगतका असल अभ्यासहरुको अनुशरण गर्दै यस प्रतिनिधि सभालाई सफलतासम्म पुऱ्याउने मेरो हरसम्भव मेहनत रहनेछ । मेरो प्रतिवद्धतालाई व्यवहारमा रुपान्तरण गर्ने कार्यमा सबै दलका नेतृत्वगण एवं माननीय सदस्यहरुबाट सकारात्मक सहयोग हुनेमा म पूर्ण रुपमा विश्वस्त छु भन्नुभयो ।

त्यसपछि सम्माननीय सभामुखले प्रतिनिधि सभा नियमावली, २०७५ को नियम १० को उपनियम (१) बमोजिम सभामुख तथा उपसभामुखको अनुपस्थितिमा बैठकको अध्यक्षता गर्नको लागि निम्नलिखित मा० सदस्यहरुको नाम मनोनयन गरेको व्यहोरा जानकारी गराउनु भयो ।

(१) मा० श्री उमाशंकर अरगरिया
(२) मा० श्री चन्द्रकान्त चौधरी
(३) मा० श्री डिला सँग्रौला (पंत)
(४) मा० श्री मान बहादुर विश्वकर्मा
(५) मा० श्री राधा कुमारी ज्ञवाली
(६) मा० श्री रेखा शर्मा
(७) मा० श्री सोमप्रसाद पाण्डेय

तदनन्तर अर्को बैठक २०७६ साल माघ १७ गते शुक्रबार बिहान ११:०० बजे बस्नेगरी दिनको २:५० बजे स्थगित भयो ।

मनोहरप्रसाद भट्टराई
संघीय संसदको महासचिव

# संघीय संसद
# प्रतिनिधि सभा
पाँचौं अधिवेशन
## बैठक संख्या - ६
## सूचनापत्र - २
(बैठकको कारवाहीको संक्षिप्त विवरण)

२०७६ साल माघ १७ गते शुक्रबार

प्रतिनिधि सभाको आजको बैठक सम्माननीय सभामुख श्री अग्निप्रसाद सापकोटाको अध्यक्षतामा बिहान ११:२० बजे प्रारम्भ भयो ।

सर्वप्रथम प्रारम्भ भएको शून्य समयमा निम्नलिखित मा० सदस्यहरुले समसामयिक विषयहरुमा आ-आफ्नो भनाई राख्नुभयो :-

१. मा० श्री आशा कुमारी वि.क.
२. मा० श्री ईन्दु कुमारी शर्मा
३. मा० श्री उमा रेग्मी
४. मा० श्री कु. तुल्सी थापा
५. मा० श्री खगराज अधिकारी
६. मा० श्री गजेन्द्र बहादुर महत
७. मा० श्री गोपाल बहादुर बम
८. मा० श्री गौरीशंकर चौधरी
९. मा० श्री गंगा चौधरी (सत्गौवा)
१०. मा० श्री घनश्याम खतिवडा
११. मा० श्री छविलाल विश्वकर्मा
१२. मा० श्री जीपछिरिङ लामा
१३. मा० श्री झपटबहादुर रावल

तदुपरान्त सम्माननीय सभामुखले प्रतिनिधि सभा नियमावली, २०७५ को नियम १३ को उपनियम (१) बमोजिम गठित कार्यव्यवस्था परामर्श समितिमा मा० श्री रामेश्वर राय यादवको स्थानमा मा० श्री प्रभु साहको नाम हेरफेर गर्न सभाको सहमतिको लागि प्रस्ताव गर्नुहुँदा सर्वसम्मतिबाट स्वीकृत भयो ।

तत्पश्चात सम्माननीय सभामुखले प्रतिनिधि सभा नियमावली, २०७५ को नियम १७२ बमोजिम गठित प्रतिनिधि सभा अन्तर्गतको विभिन्न समितिहरुमा निम्नलिखित मा० सदस्यहरुको नाम थप तथा हेरफेर गर्न सभाको सहमतिको लागि प्रस्ताव गर्नुहुँदा सर्वसम्मतिबाट स्वीकृत भयो ।

| क्र.सं. | मा० सदस्यको नाम | सम्बन्धित समिति |
|---|---|---|
| १. | मा० श्री गोकर्ण राज विष्ट | अर्थ समिति |
| २. | मा० श्री शिवमाया तुम्वाहाङफे | उद्योग तथा बाणिज्य र श्रम तथा उपभोक्ता हित समिति |
| ३. | मा० श्री मातृका प्रसाद यादव | कानुन, न्याय तथा मानव अधिकार समिति |
| ४. | मा० श्री रामकुमारी चौधरी | कानुन, न्याय तथा मानव अधिकार समिति |
| ५. | मा० श्री थममाया थापा | महिला तथा सामाजिक समिति |
| ६. | मा० श्री लालबाबु पण्डित | राज्य व्यवस्था तथा सुशासन समिति |
| ७. | मा० श्री विद्या भट्टराई | शिक्षा तथा स्वास्थ्य समिति |
| ८. | मा० श्री चक्रपाणि खनाल | सार्वजनिक लेखा समिति |
| ९. | मा० श्री रघुविर महासेठ | सार्वजनिक लेखा समिति |
| १०. | मा० श्री धनबहादुर बुढा | सार्वजनिक लेखा समिति |
| ११. | मा० श्री पदम गिरी | कानुन, न्याय तथा मानव अधिकार समितिबाट अर्थ समितिमा |
| १२. | मा० श्री माया देवी न्यौपाने | कानुन, न्याय तथा मानव अधिकार समितिबाट उद्योग तथा वाणिज्य र श्रम तथा उपभोक्ता हित समितिमा |

त्यसपछि प्रतिनिधि सभाका सचिव श्री गोपालनाथ योगीले सभामा उत्पत्ति भएको "राजश्व चुहावट ( अनुसन्धान तथा नियन्त्रण) (पहिलो संशोधन) विधेयक, २०७५" को सम्बन्धमा राष्ट्रिय सभाबाट संशोधन विना प्राप्त भएको सन्देशको जानकारी गराउनु भयो ।

तदुपरान्त प्रतिनिधि सभाका सचिव श्री गोपालनाथ योगीले राष्ट्रिय सभामा उत्पत्ति भएका "नेपाल इन्जिनियरिङ परिषद् (पहिलो संशोधन) विधेयक, २०७६" र "संघ, प्रदेश र स्थानीय तह (अन्तरसम्बन्ध व्यवस्थापन) विधेयक, २०७६" का सम्बन्धमा राष्ट्रिय सभाबाट प्राप्त सन्देश टेबुल गर्नुभयो ।

तत्पश्चात सम्माननीय प्रधानमन्त्री श्री के.पी. शर्मा ओलीको तर्फबाट मा० स्वास्थ्य तथा जनसंख्या एवं कानून, न्याय तथा संसदीय मामिला मन्त्री श्री भानुभक्त ढकालले “न्याय परिषद् र न्याय सेवा आयोगको आ.व. ०७५/०७६ को वार्षिक प्रतिवेदन”, “लोक सेवा आयोगको आ.व. ०७५/०७६ को साठ्ठीऔं वार्षिक प्रतिवेदन”, “राष्ट्रिय मानव अधिकार आयोगको आ.व. ०७५/०७६ को वार्षिक प्रतिवेदन”, “राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगको प्रथम वार्षिक प्रतिवेदन, २०७६”, “राष्ट्रिय समावेशी आयोगको आ.व. ०७५/०७६ को प्रथम वार्षिक प्रतिवेदन”, “मधेशी आयोगको आ.व. ०७५/०७६ को प्रथम वार्षिक प्रतिवेदन”, “थारु आयोगको आ.व. ०७५/०७६ को वार्षिक प्रतिवेदन” र “मुस्लिम आयोगको आ.व. ०७५/०७६ को प्रथम वार्षिक प्रतिवेदन” पेश गर्नुभयो ।

त्यसपछि सम्माननीय सभामुखले पूर्व सदस्य गम्भीरजंग कार्कीको निधन भएकोमा निम्नलिखित शोक प्रस्ताव प्रस्तुत गर्नुहुँदा सर्वसम्मतिबाट पारित भयो ।

शोक प्रस्ताव

“प्रतिनिधि सभाको यो बैठक २०४८ सालमा नेपाली काँग्रेसको तर्फबाट पाल्पा जिल्ला क्षेत्र नं. २ बाट प्रतिनिधि सभामा निर्वाचित सदस्य, नेपाली काँग्रेस पाल्पाको पूर्व पार्टी सभापति, प्रजातन्त्र एवं लोकतन्त्र स्थापनाका हरेक आन्दोलनमा महत्वपूर्ण भूमिका निर्वाह गर्नुभएका, सादा र सरल जीवन पद्धतिमा विश्वास गर्ने सर्वप्रिय नेता गम्भीरजंग कार्कीको ७४ वर्षको उमेरमा मिति २०७६ साल माघ ११ गते शनिबार काठमाडौं स्थित ग्राण्डी अस्पतालमा उपचारको क्रममा निधन भएकोमा गहिरो शोक प्रकट गर्दछ र उहाँको दिवंगत आत्माको चीरशान्तिको कामना गर्दै शोक-सन्तप्त परिवारप्रति समवेदना प्रकट गर्दछ ।”

तदुपरान्त सभाले स्वर्गीय गम्भीरजंग कार्कीको निधनप्रति शोक व्यक्त गर्न उठेर १ मिनेट मौन धारण गऱ्यो ।

तदनन्तर अर्को बैठक २०७६ साल माघ २१ गते मंगलबार दिनको १:०० बजे बस्नेगरी बिहान ११:४५ बजे स्थगित भयो ।

मनोहरप्रसाद भट्टराई
संघीय संसदको महासचिव

# संघीय संसद
# प्रतिनिधि सभा
पाँचौं अधिवेशन
## बैठक संख्या - ७

## सूचनापत्र - २
(बैठकको कारवाहीको संक्षिप्त विवरण)

२०७६ साल माघ २१ गते मंगलबार

प्रतिनिधि सभाको आजको बैठक सम्माननीय सभामुख श्री अग्निप्रसाद सापकोटाको अध्यक्षतामा दिनको १:१० बजे प्रारम्भ भयो ।

सर्वप्रथम प्रारम्भ भएको शून्य समयमा निम्नलिखित मा० सदस्यहरुले समसामयिक विषयहरुमा आ-आफ्नो भनाई राख्नुभयो :-

१. मा० श्री डिला सँग्रौला (पंत)
२. मा० श्री दलबहादुर राना
३. मा० श्री दिल कुमारी
४. मा० श्री दिलेन्द्र प्रसाद बडू
५. मा० श्री दिव्यमणि राजभण्डारी
६. मा० श्री दुर्गा पौडेल
७. मा० श्री देवप्रसाद तिमलसेना
८. मा० श्री देवेन्द्र प्रसाद पौडेल
९. मा० श्री नवराज सिलवाल
१०. मा० श्री देवेन्द्र राज कंडेल
११. मा० श्री नागेन्द्र कुमार
१२. मा० श्री नारायण प्रसाद खतिवडा
१३. मा० श्री निरुदेवी पाल
१४. मा० श्री पवित्रा निरौला (खरेल)
१५. मा० श्री पार्वती कुमारी विशुन्के
१६. मा० श्री पुष्पा भुसाल (गौतम)
१७. मा० श्री पूर्ण कुमारी सुवेदी
१८. मा० श्री प्रकाश रसाईली (स्नेही)
१९. मा० श्री प्रदिप यादव
२०. मा० श्री प्रेमप्रसाद तुलाचन
२१. मा० श्री प्रेम सुवाल
२२. मा० श्री बालकृष्ण खांण

त्यसपछि मा० स्वास्थ्य तथा जनसंख्या एवं कानुन, न्याय तथा संसदीय मामिला मन्त्री श्री भानुभक्त ढकालले चीनको वुहान प्रान्तबाट फैलिएको कोरोना भाइरसबाट हालसम्म नेपालमा एकजनामा मात्र संक्रमित देखिएको र त्यसपछिको परीक्षणमा कुनैपनि व्यक्तिमा सो रोगको संक्रमण नदेखिएको, चीनमा रहेका नेपालीहरुलाई स्वदेश फर्काउने सम्बन्धमा नेपाली दुतावाससँग समन्वय भैरहेको र उनीहरुलाई नेपालमा राख्ने स्थानको बारेमा समेत छलफल भैरहेको सम्बन्धमा सार्वजनिक महत्वको वक्तव्य दिनुभयो ।

तदुपरान्त प्रतिनिधि सभा नियमावली, २०७५ को नियम २१९ को (२) बमोजिम मा० मन्त्रीको वक्तव्यको सम्बन्धमा निम्नलिखित मा० सदस्यहरुले उठाउनु भएको प्रश्नहरुको सम्बन्धमा मा० स्वास्थ्य तथा जनसंख्या एवं कानुन, न्याय तथा संसदीय मामिला मन्त्री श्री भानुभक्त ढकालले जवाफ दिनुभयो ।

१. मा० श्री दिव्यमणि राजभण्डारी
२. मा० श्री मोहम्मद ईस्तियाक राई
३. मा० श्री दिलेन्द्रप्रसाद बडू
४. मा० श्री पुष्पा भुसाल (गौतम)
५. मा० श्री रामबहादुर विष्ट
६. मा० श्री देवेन्द्रराज कंडेल
७. मा० श्री डिला सँग्रौला (पंत)
८. मा० श्री कृष्णभक्त पोखेल
९. मा० श्री राजेन्द्र प्रसाद गौतम
१०. मा० श्री प्रकाश रसाईली (स्नेही)
११. मा० श्री महेश्वर जंग गहतराज (अथक)
१२. मा० श्री प्रेम सुवाल
१३. मा० श्री खगराज अधिकारी
१४. मा० श्री गजेन्द्र बहादुर महत

तत्पश्चात सम्माननीय सभामुखले प्रतिनिधि सभा नियमावली, २०७५ को नियम १७२ बमोजिम गठित प्रतिनिधि सभा अन्तर्गतको विभिन्न समितिहरुमा निम्नलिखित मा० सदस्यहरुको नाम थप गर्न सभाको सहमतिको लागि प्रस्ताव गर्नुहुँदा सर्वसम्मतिबाट स्वीकृत भयो ।

| क्र.सं. | मा० सदस्यको नाम | सम्बन्धित समिति |
|---|---|---|
| १. | मा० श्री उपेन्द्र यादव | शिक्षा तथा स्वास्थ्य समिति |
| २. | मा० श्री सुरेन्द्र कुमार यादव | शिक्षा तथा स्वास्थ्य समिति |
| ३. | मा० श्री मोहम्मद ईस्तियाक राई | सार्वजनिक लेखा समिति |

त्यसपछि महिला तथा सामाजिक समितिका मा० सभापति श्री निरु देवी पालले "ज्येष्ठ नागरिक (पहिलो संशोधन) विधेयक सम्बन्धी समितिको प्रतिवेदन, २०७६" पेश गर्नुभयो ।

तदुपरान्त शिक्षा तथा स्वास्थ्य समितिका मा० सभापति श्री जयपुरी घर्तीले "पारमाणविक विधेयक सम्बन्धी समितिको प्रतिवेदन, २०७६" पेश गर्नुभयो ।

तत्पश्चात मा० अर्थ मन्त्री डा० युवराज खतिवडाले "सार्वजनिक ऋण व्यवस्थापन विधेयक, २०७६" लाई प्रस्तुत गर्न अनुमति माग्ने प्रस्ताव प्रस्तुत गर्नुभयो ।

त्यसपछि "सार्वजनिक ऋण व्यवस्थापन विधेयक, २०७६" लाई अनुमति माग्ने प्रस्तावमाथि प्रतिनिधि सभा नियमावली, २०७५ को नियम १०४ बमोजिम विरोधको सूचना प्राप्त नभएकोले मा० अर्थ मन्त्री डा० युवराज खतिवडाले "सार्वजनिक ऋण व्यवस्थापन विधेयक, २०७६" पेश गर्नुभयो ।

तदुपरान्त "बैङ्क तथा वित्तीय संस्था सम्बन्धी (पहिलो संशोधन) विधेयक, २०७६" लाई अनुमति माग्ने प्रस्तावमाथि प्रतिनिधि सभा नियमावली, २०७५ को नियम १०४ बमोजिम विरोधको सूचना प्राप्त नभएकोले मा० अर्थ मन्त्री डा० युवराज खतिवडाले "बैङ्क तथा वित्तीय संस्था सम्बन्धी (पहिलो संशोधन) विधेयक, २०७६" पेश गर्नुभयो ।

तत्पश्चात "नेपाल राष्ट्र बैङ्क (तेस्रो संशोधन) विधेयक, २०७६" लाई अनुमति माग्ने प्रस्तावमाथि प्रतिनिधि सभा नियमावली, २०७५ को नियम १०४ बमोजिम विरोधको सूचना प्राप्त नभएकोले मा० अर्थ मन्त्री डा० युवराज खतिवडाले "नेपाल राष्ट्र बैङ्क (तेस्रो संशोधन) विधेयक, २०७६" पेश गर्नुभयो ।

त्यसपछि मा० अर्थ मन्त्री डा० युवराज खतिवडाले "धितोपत्र सम्बन्धी (पहिलो संशोधन) विधेयक, २०७६" लाई प्रस्तुत गर्न अनुमति माग्ने प्रस्ताव प्रस्तुत गर्नुभयो ।

तदुपरान्त "धितोपत्र सम्बन्धी (पहिलो संशोधन) विधेयक, २०७६" लाई अनुमति माग्ने प्रस्तावमाथि प्रतिनिधि सभा नियमावली, २०७५ को नियम १०४ बमोजिम विरोधको सूचना प्राप्त नभएकोले मा० अर्थ मन्त्री डा० युवराज खतिवडाले "धितोपत्र सम्बन्धी (पहिलो संशोधन) विधेयक, २०७६" पेश गर्नुभयो ।

तत्पश्चात सम्माननीय सभामुखले पूर्व सदस्य श्रीराम श्रेष्ठको निधन भएकोमा निम्नलिखित शोक प्रस्ताव प्रस्तुत गर्नुहुँदा सर्वसम्मतिबाट पारित भयो ।

शोक प्रस्ताव

"प्रतिनिधि सभाको यो बैठक २०४८ सालमा नेपाली काँग्रेसको तर्फबाट राष्ट्रिय सभामा निर्वाचित सदस्य, प्रजातन्त्र एवं लोकतन्त्र स्थापनाका हरेक आन्दोलनमा महत्वपूर्ण भूमिका निर्वाह गर्नुभएका, सादा र सरल जीवन पद्धतिमा विश्वास गर्ने सर्वप्रिय नेता श्रीराम श्रेष्ठको ८० वर्षको उमेरमा उपचारको क्रममा मिति २०७६ साल माघ २० गते सोमबार ललितपुरस्थित निदान अस्पतालमा निधन भएकोमा गहिरो शोक प्रकट गर्दछ र उहाँको दिवंगत आत्माको चीरशान्तिको कामना गर्दै शोक-सन्तप्त परिवारप्रति समवेदना प्रकट गर्दछ ।"

त्यसपछि सभाले स्वर्गीय श्रीराम श्रेष्ठको निधनप्रति शोक व्यक्त गर्न उठेर १ मिनेट मौन धारण गऱ्यो ।

तदनन्तर अर्को बैठक २०७६ साल माघ २३ गते बिहीबार दिनको १:०० बजे बस्नेगरी दिनको २:४० बजे स्थगित भयो ।

मनोहरप्रसाद भट्टराई
संघीय संसदको महासचिव

# संघीय संसद
# प्रतिनिधि सभा
पाँचौं अधिवेशन
## बैठक संख्या - ८
## सूचनापत्र - २
(बैठकको कारवाहीको संक्षिप्त विवरण)

२०७६ साल माघ २३ गते बिहीबार

प्रतिनिधि सभाको आजको बैठक सम्माननीय सभामुख श्री अग्निप्रसाद सापकोटाको अध्यक्षतामा दिनको १:१० बजे प्रारम्भ भयो ।

सर्वप्रथम बैठक प्रारम्भ हुनासाथ नेपाली काँग्रेसका मा० सदस्यहरु आ-आफ्नो स्थान अगाडि उभिनुभएपछि सम्माननीय सभामुखले मा० श्री पुष्पा भुसाल (गौतम) लाई समय दिनुहुँदा उहाँले ललिता निवास जग्गा प्रकरणको अनुसन्धान गरी विशेष अदालतमा मुद्दा दायर गर्ने क्रममा अख्तियार दुरुपयोग अनुसन्धान आयोगले कसैलाई काखा र कसैलाई पाखा गरेर अभियोग पत्र दायर गर्नु भनेको आयोगको स्वतन्त्रतामा नै प्रश्न चिन्ह खडा भएको, स्वतन्त्र आयोगले राजनैतिक पूर्वाग्रह लिएर मुद्दा दायर गरेको, मन्त्रिपरिषद्बाट भएको निर्णयमा पूर्व प्रधानमन्त्रीहरुलाई जोगाउने कार्य भएको, जुन जग्गाको विवाद भएको सोका धनीहरुले जग्गा फिर्ता गर्ने भनेपछि उनीहरुको नाममा समेत अभियोग पत्र दायर नभएको लगायतका विषयहरु उठाउँदै प्रमुख प्रतिपक्षले आजको सदनको नियमित कार्यमा सहयोग गर्न सक्दैन भन्नुभएपछि नेपाली काँग्रेसका मा० सदस्यहरु आ-आफ्नो आशन अगाडि उभिनुभयो ।

तदुपरान्त सम्माननीय सभामुखले पाँचौ अधिवेशन ढिलो गरी शुरु भएको र थुप्रै विधेयकहरु पारित गर्नुपर्ने लगायतका कामहरु बाँकी नै रहेको भन्नुहुँदै संसदको क्षेत्राधिकारका विषयहरुमा सम्पूर्ण मा० सदस्यहरु जानकार नै हुनुहुन्छ भन्नुभयो । साथै मा० सदस्यहरुले उठाउनु भएको विषयतर्फ सरकार एवं सम्बन्धित निकायको ध्यानाकर्षण भैसकेकोले आ-आफ्नो आशन ग्रहण गरी सदनको कारवाही अगाडि बढाउन सहयोग गर्न आग्रह गर्नुहुँदा पनि उहाँहरु उभिइरहनु भएपछि सम्माननीय सभामुखले बैठक २०७६ साल माघ २४ गते शुक्रबार दिनको १:०० बजेसम्मको लागि स्थगित गर्नुभयो ।

तदनन्तर अर्को बैठक २०७६ साल माघ २४ गते शुक्रबार दिनको १:०० बजे बस्नेगरी दिनको १:२५ बजे स्थगित भयो ।

गोपालनाथ योगी
संघीय संसदको निमित्त महासचिव

# संघीय संसद
# प्रतिनिधि सभा
पाँचौं अधिवेशन
## बैठक संख्या - ९

## सूचनापत्र - २
(बैठकको कारवाहीको संक्षिप्त विवरण)

२०७६ साल माघ २४ गते शुक्रबार

प्रतिनिधि सभाको आजको बैठक सम्माननीय सभामुख श्री अग्निप्रसाद सापकोटाको अध्यक्षतामा दिनको १:२० बजे प्रारम्भ भयो ।

सर्वप्रथम बैठक प्रारम्भ हुनासाथ नेपाली काँग्रेसका मा० सदस्यहरु आ-आफ्नो स्थान अगाडि उभिनुभएपछि सम्माननीय सभामुखले मा० श्री मिनबहादुर विश्वकर्मलाई समय दिनुहुँदा उहाँले कसैबाट अख्तियारको दुरुपयोग भएको छ कि छैन भनेर जाँच्ने अख्तियार दुरुपयोग अनुसन्धान अयोगबाटै अख्तियारको दुरुपयोग भएको, ललिता निवास जग्गा प्रकरणमा आयोगले गुरुयोजना अनुसार प्रस्ताव लाने व्यक्तिलाई कसुरदार ठहर गरेको तर योजना पेश गर्ने, निर्णय गर्ने, लालपुर्जा बोक्ने र लाभ प्राप्त गर्ने व्यक्तिहरुलाई छुट दिएको, आयोगले सरकारको कामकारवाहीको निगरानी भन्दा पनि सरकारकै मातहतको अंगको रुपमा प्रत्यक्ष निर्देशनमा काम गरेको, विवादित जग्गाका जग्गाधनीले सरकारलाई जग्गा फिर्ता गरेर कसुरबाट उम्कन नसक्ने लगायतका विषयहरु उठाउँदै प्रमुख प्रतिपक्षले आजको सदनको काम कारवाहीमा सहयोग गर्न सक्दैन भन्नुभएपछि नेपाली काँग्रेसका मा० सदस्यहरु आ-आफ्नो आशन अगाडि उभिनुभयो ।

तदुपरान्त सम्माननीय सभामुखले मा० सदस्यहरुले उठाउनु भएको विषय सदनलाई जानकारी भैसकेको र उक्त विषय सदनको कार्यक्षेत्र भन्दा बाहिर रहेकोतर्फ पुनः मा० सदस्यहरुको ध्यानाकर्षण गराउँछु भन्नुभयो । सदनबाट महत्वपूर्ण विधेयकहरु पारित हुनुपर्ने, वृहंगम छलफलबाट नै जनप्रतिनिधिमूलक संस्थालाई जिवन्त बनाई प्रभावकारी बनाउन सकिने भएकोले आ-आफ्नो आशन ग्रहण गरी सदनको कारवाही अगाडि बढाउन सहयोग गर्न बारम्बार आग्रह गर्नुहुँदा पनि उहाँहरु उभिइरहनु भएपछि सम्माननीय सभामुखले बैठक आधा घण्टाको लागि स्थगित गर्नुभयो ।

तदनन्तर अर्को बैठक आजै आधा घण्टापछि बस्नेगरी दिनको १:४० बजे स्थगित भयो ।

प्रतिनिधि सभाको आजै आधा घण्टापछि बस्नेगरी स्थगित भएको बैठक विशेष कारणवश बस्न नसक्ने भएकोले सूचनापत्र-४ प्रकाशित गरी २०७६ साल माघ २६ गते आइतबार दिनको १:०० बस्नेगरी स्थगित भयो ।

गोपालनाथ योगी
संघीय संसदको निमित्त महासचिव

# संघीय संसद

## प्रतिनिधि सभा

### सूचनापत्र –४

### २०७६ साल माघ २४ गते

### शुक्रबार

आज मिति २०७६ साल माघ २४ गते शुक्रबार आधा घण्टाको लागि स्थगित भएको प्रतिनिधि सभाको बैठक विशेष कारणवश बस्न नसक्ने भएकोले प्रतिनिधि सभा नियमावली, २०७५ को नियम ६ को उपनियम (३) बमोजिम सम्माननीय सभामुखज्यूले अर्को बैठक मिति २०७६ साल माघ २६ गते आइतबार दिनको १:०० बजे बस्नेगरी निर्धारण गर्नुभएको व्यहोरा मा० सदस्यहरुको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**गोपालनाथ योगी**
**संघीय संसदको निमित्त महासचिव**

# संघीय संसद
# प्रतिनिधि सभा
पाँचौं अधिवेशन
## बैठक संख्या - १०
## सूचनापत्र - २
(बैठकको कारवाहीको संक्षिप्त विवरण)

२०७६ साल माघ २६ गते आइतबार

प्रतिनिधि सभाको आजको बैठक सम्माननीय सभामुख श्री अग्निप्रसाद सापकोटाको अध्यक्षतामा दिनको १:४५ बजे प्रारम्भ भयो ।

सर्वप्रथम बैठक प्रारम्भ हुनासाथ नेपाली काँग्रेसका मा० सदस्यहरु आ-आफ्नो स्थान अगाडि उभिनुभएपछि सम्माननीय सभामुखले मा० सदस्यहरुले उठाउनु भएको विषयका सम्बन्धमा सदन र सम्बन्धित पक्षलाई यथेष्ट जानकारी भैसकेको, उक्त विषय व्यवस्थापिकाको कार्यक्षेत्र भन्दा बाहिर रहेको र मा० सदस्यहरुले उठाउनु भएको विषय छलफलमा ल्याउन समेत सदनको अवरुद्धता हट्नु पर्ने भएकोले आशन ग्रहण गरी छलफलको लागि वातावरण तयार गर्न मद्दत पुऱ्याउन हुन आग्रह गर्नुभयो । उहाँले संवैधानिक रुपमा गठित अख्तियार दुरुपयोग अनुसन्धान आयोगले गरेको काम कारवाहीको बारेमा सदनले निर्देशन दिन नसक्ने भएकोले वृहंगम छलफलको बाटो तयार गरी जनप्रतिनिधिमूलक संस्थालाई जिवन्त र प्रभावकारी बनाउन अवरोध नगरी आ-आफ्नो आशन ग्रहण गरी सदनको कारवाही अगाडि बढाउन सहयोग गर्न बारम्बार आग्रह गर्नुहुँदा पनि उहाँहरु उभिइरहनु भएपछि सम्माननीय सभामुखले प्रमुख प्रतिपक्षले अवरोध गरिरहेको अवस्थामा सदनको कारवाही अगाडि बढ्न सक्दैन भन्नुहुँदै बैठक २०७६ साल माघ २८ गते मंगलबार दिनको १:०० बजेसम्मको लागि स्थगित गर्नुभयो ।

तदनन्तर अर्को बैठक २०७६ साल माघ २८ गते मंगलबार दिनको १:०० बस्नेगरी दिनको १:५५ बजे स्थगित भयो ।

गोपालनाथ योगी
संघीय संसदको निमित्त महासचिव

# संघीय संसद
# प्रतिनिधि सभा
पाँचौं अधिवेशन
## बैठक संख्या - ११
## सूचनापत्र - २
(बैठकको कारवाहीको संक्षिप्त विवरण)

२०७६ साल माघ २८ गते मंगलबार

प्रतिनिधि सभाको आजको बैठक सम्माननीय सभामुख श्री अग्निप्रसाद सापकोटाको अध्यक्षतामा दिनको १:१० बजे प्रारम्भ भयो ।

सर्वप्रथम बैठक प्रारम्भ हुनासाथ नेपाली काँग्रेसका मा० सदस्यहरु आ-आफ्नो स्थान अगाडि उभिनुभएपछि सम्माननीय सभामुखले मा० श्री पुष्पा भुसाल (गौतम)लाई समय दिनुहुँदा उहाँले अख्तियार दुरुपयोग अनुसन्धान आयोगले लोकतान्त्रिक मूल्य मान्यता विरुद्ध, राजनैतिक प्रतिशोधको आधारमा विभेद गरी विशेष अदालतमा मुद्दा दायर गरेको, संविधानले परिकल्पना गरेको तटस्थ र निष्पक्ष आयोगबाट आफ्नो अधिकार क्षेत्रभन्दा बाहिर गएर सरकारको प्रभावमा परेर मुद्दा दायर गरेकोले नेपाली काँग्रेसले सदन अवरुद्ध गरेको, सरकारका प्रवक्ताले समेत आयोगले गरेको कार्यलाई सरकारको उपलब्धीको रुपमा लिएको विषयमा समेत सदनलाई जानकारी हुनुपर्ने, संवैधानिक रुपमा स्थापित आयोगहरुबाट यसरी पूर्वाग्रही भएर कार्य गरेमा नेपाली काँग्रेसले आगामी दिनहरुमा पनि सदनमा अवरोधका कार्यहरु जारी राख्न सकिने भन्नुहुँदै नेपाली काँग्रेस संसदीय दलको निर्णय अनुसार दुई दिनदेखि अवरुद्ध सदन आजबाट सुचारु हुने जानकारी गराउनु भयो ।

त्यसपछि मा० श्री एकवाल मियाँले यही फागुन ३, ४, र ५ गतेका दिन सप्तरी जिल्लामा अन्तर्राष्ट्रियस्तरमा आयोजना हुन लागेको नेपाल इस्तमामा विभिन्न देशहरुबाट मुस्लिम धर्मावलम्बीहरु आउने भएकोले सो धार्मिक कार्यक्रममा आउने पर्यटकहरुलाई सीमा नाकामा हुने चेकजाँच, यातायात आवागमन लगायतका व्यवस्थाहरुको विषयमा सरकारले समयमा नै सोचेर उचित प्रबन्ध गरोस् भन्नुभयो ।

तदुपरान्त मा० श्री सरिता गिरीले अख्तियार दुरुपयोग अनुसन्धान आयोगले विशेष अदालतमा दायर गरेको मुद्दालाई लिएर संसदसँग अवरुद्ध गर्ने बाहेक विकल्प नरहेको, आयोगले अधिकार क्षेत्र मिचेर काम गरेको भए सदनमा महाभियोग प्रस्ताव ल्याउन सकिने, पूर्व प्रधानमन्त्री एवं समाजवादी पार्टीका प्रमुख डा० बाबुराम भट्टराईले समेत सबैले नैतिक दायित्व लिई जाँचबुझको दायरमा आउनु पर्ने भन्नुभएको, ललिता निवासपछि विभिन्न राष्ट्रिय निकुञ्जको जग्गाका सम्बन्धमा समेत पत्रपत्रिकामा समाचार आएकोले सो विषयमा समेत निष्पक्ष छानविन हुनुपर्ने भन्नुभयो ।

तत्पश्चात मा० श्री प्रेम सुवालले चीनको बुहान प्रान्तबाट फर्काउन लागिएको नेपालीहरुलाई भक्तपुर, खरिपाटीको तालिम केन्द्रमा राख्ने सम्बन्धमा जनस्तरबाट विरोध भएको, घनाबस्ती रहेको भक्तपुरमा चीनबाट ल्याइने नेपाली नागरिकलाई राख्नु उपयुक्त नहुने, ललिता निवास जग्गाको मुद्दामा कसैले पनि उन्मुक्ति पाउन नहुने, विराटनगर जुट मिल, भक्तपुर ईट्टा टायल डुबाउनेलाई समेत कारावाहीको दायरामा ल्याउनु पर्ने भन्नुभयो ।

त्यसपछि मा० श्री आशा कुमारी वि.क.ले बझाङ्ग जिल्लाको साइपाल गाउँपालिकामा हिमपातले बाटो अवरुद्ध भई खाद्यान्न ढुवानीमा समस्या भएको र स्थानीयसँग भएको खाद्यान्न समेत सकिन थालेको कारण जीवन कष्टकर भएकोले नेपाल सरकारले उक्त स्थानका जनतालाई खाद्यान्नको यथाशिघ्र प्रबन्ध गरोस् भन्नुभयो ।

तदुपरान्त प्रारम्भ भएको शून्य समयमा निम्नलिखित मा० सदस्यहरुले समसामयिक विषयहरुमा आ-आफ्नो भनाई राख्नुभयो :-

१. मा० श्री बिमला वि.क.
२. मा० श्री भवानीप्रसाद खापुङ्ग
३. मा० श्री भूमिप्रसाद त्रिपाठी
४. मा० श्री भैरव बहादुर सिंह
५. मा० श्री महेश्वरजंग गहतराज (अथक)
६. मा० श्री मिनबहादुर विश्वकर्म
७. मा० श्री मिना सुब्बा
८. मा० श्री यज्ञराज सुनुवार
९. मा० श्री यशोदा गुरुङ्ग सुवेदी
१०. मा० श्री रंगमती शाही
११. मा० श्री राजबहादुर बुढा क्षेत्री
१२. मा० श्री राजेन्द्र प्रसाद गौतम
१३. मा० श्री रेखा शर्मा
१४. मा० श्री रेनुका गुरुङ्ग

तत्पश्चात प्रतिनिधि सभाका सचिव श्री गोपालनाथ योगीले “औद्योगिक व्यवसाय विकास प्रतिष्ठान (पहिलो संशोधन) विधेयक, २०७६” का सम्बन्धमा राष्ट्रिय सभाबाट संशोधन सहित प्राप्त सन्देश टेबुल गर्नुभयो ।

तत्पश्चात कानुन, न्याय तथा मानव अधिकार समितिका मा० सभापति श्री कृष्णभक्त पोखेलले “प्रमाण (दोस्रो संशोधन) विधेयक सम्बन्धी समितिको प्रतिवेदन, २०७६” पेश गर्नुभयो ।

त्यसपछि कृषि, सहकारी तथा प्राकृतिक स्रोत समितिका मा० सभापति श्री पूर्ण कुमारी सुवेदीले “बिउ बिजन (दोस्रो संशोधन) विधेयक सम्बन्धी समितिको प्रतिवेदन, २०७६” पेश गर्नुभयो ।

तदुपरान्त राज्य व्यवस्था तथा सुशासन समितिका मा० सभापति श्री शशी श्रेष्ठले “लोक सेवा आयोग विधेयक सम्बन्धी समितिको प्रतिवेदन, २०७६” पेश गर्नुभयो ।

तत्पश्चात समाननीय सभामुखले आजका कार्यसूचीमा रहेको क्रमसंख्या ५ को कार्यक्रम सूचीबाट हटाईएको व्यहोरा मा० सदस्यहरुलाई जानकारी गराउनु भयो ।

त्यसपछि मा० भौतिक पूर्वाधार तथा यातायत मन्त्री श्री वसन्त कुमार नेम्बाङ्गले राष्ट्रिय सभामा उत्पत्ति भएको “नेपाल इन्जिनियरिङ परिषद् (पहिलो संशोधन) विधेयक, २०७६ माथि विचार गरियोस्” भन्ने प्रस्ताव प्रस्तुत गर्नुभयो ।

तदुपरान्त “नेपाल इन्जिनियरिङ परिषद् (पहिलो संशोधन) विधेयक, २०७६ माथि विचार गरियोस्” भन्ने प्रस्तावमाथि अर्थात् विधेयकमाथिको सामान्य छलफलमा निम्नलिखित मा० सदस्यहरुले भाग लिनुभयो :-

१. मा० श्री प्रेम सुवाल
२. मा० श्री रेनुका गुरुङ्ग
३. मा० श्री गजेन्द्रबहादुर महत
४. मा० श्री गोपाल बहादुर बम

तत्पश्चात मा० भौतिक पूर्वाधार तथा यातायत मन्त्री श्री वसन्त कुमार नेम्बाङ्गले छलफलमा उठेका प्रश्नहरुको जवाफ दिनुभयो ।

त्यसपछि सम्माननीय सभामुखले “नेपाल इन्जिनियरिङ परिषद् (पहिलो संशोधन) विधेयक, २०७६ माथि विचार गरियोस्” भन्ने प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्नुहुँदा सर्वसम्मतिबाट स्वीकृत भयो ।

तदुपरान्त सम्माननीय सभामुखले पूर्व सदस्य सिद्धार्थकुमार सोमानीको निधन भएकोमा निम्नलिखित शोक प्रस्ताव प्रस्तुत गर्नुहुँदा सर्वसम्मतिबाट पारित भयो ।

शोक प्रस्ताव

“प्रतिनिधि सभाको यो बैठक २०६४ सालको संविधान सभा निर्वाचनमा तत्कालिन नेपाल कम्युनिष्ट पार्टी (माओवादी)को तर्फबाट समानुपातिक सदस्यमा निर्वाचित, गणतन्त्र स्थापनाका लागि संघर्षरत एवं संविधान सभा मार्फत् संविधान निर्माण कार्यमा सक्रिय नेता सिद्धार्थकुमार सोमानीको ५२ वर्षको उमेरमा मिति २०७६ साल माघ २५ गते शनिबार झापास्थित निजी निवासमा असामयिक निधन भएकोमा गहिरो शोक प्रकट गर्दछ र उहाँको दिवंगत आत्माको चीरशान्तिको कामना गर्दै शोक-सन्तप्त परिवारप्रति समवेदना प्रकट गर्दछ ।”

तत्पश्चात सभाले स्वर्गीय सिद्धार्थकुमार सोमानीको निधनप्रति शोक व्यक्त गर्न उठेर १ मिनेट मौन धारण गऱ्यो ।

तदनन्तर अर्को बैठक २०७६ साल माघ २९ गते बुधबार दिनको १:०० बस्नेगरी दिनको २:३५ बजे स्थगित भयो ।

गोपालनाथ योगी
संघीय संसदको निमित्त महासचिव

# संघीय संसद
# प्रतिनिधि सभा
पाँचौं अधिवेशन
## बैठक संख्या - १२
## सूचनापत्र - २
(बैठकको कारवाहीको संक्षिप्त विवरण)

२०७६ साल माघ २९ गते बुधबार

---

प्रतिनिधि सभाको आजको बैठक सम्माननीय सभामुख श्री अग्निप्रसाद सापकोटाको अध्यक्षतामा दिनको १:१० बजे प्रारम्भ भयो ।

सर्वप्रथम प्रारम्भ भएको शून्य समयमा निम्नलिखित मा० सदस्यहरुले समसामयिक विषयहरुमा आ-आफ्नो भनाई राख्नुभयो :-

१. मा० श्री विद्या भट्टराई
२. मा० श्री विनाकुमारी श्रेष्ठ
३. मा० श्री विन्दा पाण्डे
४. मा० श्री विनादेवी बुढाथोकी
५. मा० श्री विमला विश्वकर्मा
६. मा० श्री विरोध खतिवडा
७. मा० श्री विशाल भट्टराई
८. मा० श्री विष्णु शर्मा
९. मा० श्री शशी श्रेष्ठ
१०. मा० श्री शान्ता चौधरी
११. मा श्री शान्तिमाया तामाङ पाखिन
१२. मा० श्री शेरबहादुर तामाङ
१३. मा० श्री समीना हुसेन
१४. मा० श्री सरला कुमारी यादव
१५. मा० श्री सरिता कुमारी गिरी
१६. मा० श्री सरिता न्यौपाने
१७. मा० श्री सरवत आरा खानम
१८. मा० श्री सुजाता परियार
१९. मा० श्री सञ्जय कुमार गौतम
२०. मा० श्री हरिराज अधिकारी
२१. मा० श्री हिरा गरुङ्ग

तदुपरान्त प्रारम्भ भएको विशेष समयमा निम्नलिखित मा० सदस्यहरुले भाग लिनुभयो :-

१. मा० श्री झपटबहादुर रावल
२. मा० श्री मिनबहादुर विश्वकर्म
३. मा० श्री लक्ष्मणलाल कर्ण
४. मा० श्री रेनुका गुरुङ्ग
५. मा० श्री प्रेम सुवाल
६. मा० श्री घनश्याम खतिवडा
७. मा० श्री डिला सँग्रौला (पंत)
८. मा० श्री केदार सिग्देल
९. मा० श्री पार्वता डि.सी. (चौधरी)
१०. मा० श्री यज्ञबहादुर बोगटी
११. मा० श्री रामबहादुर विष्ट
१२. मा० श्री प्रदिप यादव
१३. मा० श्री गोपालबहादुर बम
१४. मा० श्री गजेन्द्रबहादुर महत

तत्पश्चात कृषि, सहकारी तथा प्राकृतिक स्रोत समितिका मा० सभापति श्री पूर्ण कुमारी सुवेदीले "बिरुवा संरक्षण (पहिलो संशोधन) विधेयक सम्बन्धी समितिको प्रतिवेदन, २०७६" पेश गर्नुभयो ।

त्यसपछि मा० गृह मन्त्री श्री रामबहादुर थापाले "कारागार विधेयक, २०७६" लाई प्रस्तुत गर्न अनुमति माग्ने प्रस्ताव प्रस्तुत गर्नुभयो ।

तदुपरान्त "कारागार विधेयक, २०७६" लाई अनुमति माग्ने प्रस्तावमाथि प्रतिनिधि सभा नियमावली, २०७५ को नियम १०४ बमोजिम विरोधको सूचना प्राप्त नभएकोले मा० गृह मन्त्री श्री रामबहादुर थापाले "कारागार विधेयक, २०७६" प्रस्तुत गर्नुभयो ।

तत्पश्चात मा० शिक्षा, विज्ञान तथा प्रविधि मन्त्री श्री गिरिराजमणि पोखरेलले "शिक्षा तथा स्वास्थ्य समितिको प्रतिवेदन सहितको पारमाणविक विधेयक, २०७६ माथि छलफल गरियोस्" भनी राख्नुभएको प्रस्तावलाई सम्माननीय सभामुखले निर्णयार्थ प्रस्तुत गर्नुहुँदा सर्वसम्मतिबाट स्वीकृत भयो ।

त्यसपछि शिक्षा तथा स्वास्थ्य समितिको प्रतिवेदन सहित पारमाणविक विधेयक, २०७६ माथिको छलफलमा निम्नलिखित मा० सदस्यहरुले भाग लिनुभयो :-

१. मा० श्री खगराज अधिकारी
२. मा० श्री शेरबहादुर तामाङ्ग
३. मा० श्री प्रेम सुवाल

तदुपरान्त मा० शिक्षा, विज्ञान तथा प्रविधि मन्त्री श्री गिरिराजमणि पोखरेलले छलफलमा उठेका प्रश्नहरुको जवाफ दिनुभयो ।

तत्पश्चात सम्माननीय सभामुखले "पारमाणविक विधेयक, २०७६" का सम्बन्धमा शिक्षा तथा स्वास्थ्य समितिको प्रतिवेदनको क्रमसंख्या १ देखि ६५ सम्म उल्लेखित संशोधनहरुलाई निर्णयार्थ प्रस्तुत गर्नुहुँदा सर्वसम्मतिबाट स्वीकृत भयो ।

त्यसपछि सम्माननीय सभामुखले "पारमाणविक विधेयक, २०७६" का सम्बन्धमा शिक्षा तथा स्वास्थ्य समितिको प्रतिवेदनको क्रमसंख्या १ देखि ६५ सम्म उल्लेखित संशोधनहरुलाई विधेयकको अंग बनोस् भनी निर्णयार्थ प्रस्तुत गर्नुहुँदा सर्वसम्मतिबाट स्वीकृत भयो ।

तदुपरान्त सम्माननीय सभामुखले विधेयकको दफा २ देखि ५७ सम्म "पारमाणविक विधेयक, २०७६" को अंग बनोस् भनी निर्णयार्थ प्रस्तुत गर्नुहुँदा सर्वसम्मतिबाट स्वीकृत भयो ।

तत्पश्चात सम्माननीय सभामुखले विधेयकको प्रस्तावना र नाम पढेर सुनाउनु हुँदै "रेडियोधर्मी पदार्थको नियमन सम्बन्धी विधेयक, २०७६" को अंग बनोस् भनी निर्णयार्थ प्रस्तुत गर्नुहुँदा सर्वसम्मतिबाट स्वीकृत भयो ।

त्यसपछि मा० शिक्षा, विज्ञान तथा प्रविधि मन्त्री श्री गिरिराजमणि पोखरेलले "रेडियोधर्मी पदार्थको नियमन सम्बन्धी विधेयक, २०७६ लाई पारित गरियोस्" भनी राख्नुभएको प्रस्तावलाई सम्माननीय सभामुखले निर्णयार्थ प्रस्तुत गर्नुहुँदा बहुमतबाट पारित भयो ।

तदनन्तर अर्को बैठक २०७६ साल फागुन २ गते शुक्रबार दिनको २:०० बस्नेगरी दिनको ३:१० बजे स्थगित भयो ।

गोपालनाथ योगी
संघीय संसदको निमित्त महासचिव

# संघीय संसद
# प्रतिनिधि सभा
पाँचौं अधिवेशन
## बैठक संख्या - १३
## सूचनापत्र - २
(बैठकको कारवाहीको संक्षिप्त विवरण)

२०७६ साल फागुन २ गते शुक्रबार

प्रतिनिधि सभाको आजको बैठक सम्माननीय सभामुख श्री अग्निप्रसाद सापकोटाको अध्यक्षतामा दिनको २:०० बजे प्रारम्भ भयो ।

सर्वप्रथम सम्माननीय सभामुखले राष्ट्रिय सभाका सदस्य दुर्गाप्रसाद उपाध्यायको निधन भएकोमा निम्नलिखित शोक प्रस्ताव प्रस्तुत गर्नुहुँदा सर्वसम्मतिबाट पारित भयो ।

शोक प्रस्ताव

"प्रतिनिधि सभाको यो बैठक २०७४ सालको राष्ट्रिय सभा निर्वाचनमा प्रदेश नं. ५ बाट नेपाली काँग्रेस पार्टीको तर्फबाट राष्ट्रिय सभा सदस्यमा निर्वाचित, सरल एवं भद्र व्यक्तित्वको रुपमा परिचित, सामाजिक कार्य एवं लोकतन्त्र स्थापनाका आन्दोलनहरुमा सदैव अग्रपंक्तिमा सक्रिय नेता दुर्गाप्रसाद उपाध्यायको ५१ वर्षको उमेरमा मिति २०७६ साल फागुन २ गते शुक्रबार क्यान्सर रोगको उपचारको क्रममा असामयिक निधन भएकोमा गहिरो शोक प्रकट गर्दछ र उहाँको दिवंगत आत्माको चीरशान्तिको कामना गर्दै शोक- सन्तप्त परिवारप्रति समवेदना प्रकट गर्दछ ।"

तत्पश्चात स्वर्गीय दुर्गाप्रसाद उपाध्यायको निधनप्रति शोक व्यक्त गर्न सभाले उठेर १ मिनेट मौन धारण गर्‍यो ।

तदनन्तर अर्को बैठक २०७६ साल फागुन ३ गते शनिबार बिहान ११:०० बस्नेगरी दिनको २:०५ बजे स्थगित भयो ।

मनोहरप्रसाद भट्टराई
संघीय संसदको महासचिव

# संघीय संसद
# प्रतिनिधि सभा
पाँचौं अधिवेशन
## बैठक संख्या - १४
## सूचनापत्र - २
(बैठकको कारवाहीको संक्षिप्त विवरण)

२०७६ साल फागुन ३ गते शनिबार

प्रतिनिधि सभाको आजको बैठक सम्माननीय सभामुख श्री अग्निप्रसाद सापकोटाको अध्यक्षतामा बिहान ११:१५ बजे प्रारम्भ भयो ।

सर्वप्रथम सम्माननीय प्रधानमन्त्री श्री के.पी. शर्मा ओलीले सरकार गठन भएपछिका दुईवर्षे कार्यकालमा गरेका कार्यहरु एवं प्राप्त भएका उपलब्धीहरुका सम्बन्धमा सार्वजनिक महत्वको वक्तव्य दिनुभयो ।

तदुपरान्त प्रतिनिधि सभा नियमावली, २०७५ को नियम २१९ को (२) बमोजिम उक्त वक्तव्यको सम्बन्धमा निम्नलिखित मा० सदस्यहरुले राख्नुभएको प्रश्नको सम्माननीय प्रधानमन्त्रीले जवाफ दिनुभयो ।

१. मा० श्री दिलेन्द्र प्रसाद बडू
२. मा० श्री सरिता गिरी
३. मा० श्री पुष्पा भुसाल (गौतम)
४. मा० श्री प्रेम सुवाल
५. मा० श्री पार्वता डि.सी. चौधरी
६. मा० श्री अमृतादेवी अग्रहरी
७. मा० श्री डिला सँग्रौला (पंत)
८. मा० श्री रेनुका गुरुङ्ग
९. मा० श्री रामबहादुर विष्ट
१०. मा० श्री लक्ष्मी परियार
११. मा० श्री भवानीप्रसाद खापुङ्ग
१२. मा० श्री प्रकाश रसाईली (स्नेही)
१३. मा० श्री मिनबहादुर विश्वकर्म
१४. मा० श्री रंगमती शाही
१५. मा० श्री सत्यनारायण शर्मा खनाल
१६. मा० श्री बालकृष्ण खांण
१७. मा० श्री ज्ञानेन्द्रबहादुर कार्की
१८. मा० श्री महिन्द्र राय यादव
१९. मा० श्री दिव्यमणि राजभण्डारी
२०. मा० श्री राजेन्द्र कुमार के.सी.
२१. मा० श्री मीना सुब्बा
२२. मा० श्री चित्रलेखा यादव
२३. मा० श्री हिरा गुरुङ्ग
२४. मा० श्री सुजाता परियार

तत्पश्चात शिक्षा तथा स्वास्थ्य समितिका मा० सभापति श्री जयपुरी घर्तीले "शिक्षा सम्बन्धी केही नेपाल ऐन संशोधन गर्ने विधेयक सम्बन्धी समितिको प्रतिवेदन, २०७६" पेश गर्नुभयो ।

त्यसपछि मा० स्वास्थ्य तथा जनसंख्या एवं कानुन, न्याय तथा संसदीय मामिला मन्त्री श्री भानुभक्त ढकालले "कानुन न्याय तथा मानव अधिकार समितिको प्रतिवेदन सहितको प्रमाण (दोस्रो संशोधन) विधेयक, २०७५ माथि छलफल गरियोस्" भनी राख्नुभएको प्रस्तावलाई सम्माननीय सभामुखले निर्णयार्थ प्रस्तुत गर्नुहुँदा सर्वसम्मतिबाट स्वीकृत भयो ।

तदुपरान्त कानुन न्याय तथा मानव अधिकार समितिको प्रतिवेदन सहित प्रमाण (दोस्रो संशोधन) विधेयक, २०७५ माथिको छलफलमा कुनैपनि मा० सदस्यहरुले भाग लिन नचाहनु भएकोले सम्माननीय सभामुखले "प्रमाण (दोस्रो संशोधन) विधेयक, २०७५" का सम्बन्धमा कानुन, न्याय तथा मानव अधिकार समितिको प्रतिवेदनको क्रमसंख्या १ देखि २ सम्म उल्लेखित संशोधनहरु निर्णयार्थ प्रस्तुत गर्नुहुँदा सर्वसम्मतिबाट स्वीकृत भयो ।

तत्पश्चात सम्माननीय सभामुखले "प्रमाण (दोस्रो संशोधन) विधेयक, २०७५" का सम्बन्धमा कानुन न्याय तथा मानव अधिकार समितिको प्रतिवेदनको क्रमसंख्या १ देखि २ सम्म उल्लेखित संशोधनहरु विधेयकको अंग बनोस् भनी निर्णयार्थ प्रस्तुत गर्नुहुँदा सर्वसम्मतिबाट स्वीकृत भयो ।

त्यसपछि सम्माननीय सभामुखले विधेयकको दफा २ देखि ३२ सम्म "प्रमाण (दोस्रो संशोधन) विधेयक, २०७५" को अंग बनोस् भनी निर्णयार्थ प्रस्तुत गर्नुहुँदा सर्वसम्मतिबाट स्वीकृत भयो ।

तदुपरान्त सम्माननीय सभामुखले विधेयकको प्रस्तावना र नाम पढेर सुनाउनु हुँदै "प्रमाण (दोस्रो संशोधन) विधेयक, २०७५" को अंग बनोस् भनी निर्णयार्थ प्रस्तुत गर्नुहुँदा सर्वसम्मतिबाट स्वीकृत भयो ।

तत्पश्चात मा० स्वास्थ्य तथा जनसंख्या एवं कानुन, न्याय तथा संसदीय मामिला मन्त्री श्री भानुभक्त ढकालले "प्रमाण (दोस्रो संशोधन) विधेयक, २०७५ लाई पारित गरियोस्" भनी राख्नुभएको प्रस्तावलाई सम्माननीय सभामुखले निर्णयार्थ प्रस्तुत गर्नुहुँदा बहुमतबाट पारित भयो ।

तदनन्तर अर्को बैठक २०७६ साल फागुन ६ गते मंगलबार दिनको १:०० बस्नेगरी दिनको १:३५ बजे स्थगित भयो ।

मनोहरप्रसाद भट्टराई
संघीय संसदको महासचिव

# संघीय संसद
# प्रतिनिधि सभा
पाँचौं अधिवेशन
## बैठक संख्या - १५
## सूचनापत्र - २
(बैठकको कारवाहीको संक्षिप्त विवरण)

२०७६ साल फागुन ६ गते मंगलबार

---

प्रतिनिधि सभाको आजको बैठक सम्माननीय सभामुख श्री अग्निप्रसाद सापकोटाको अध्यक्षतामा दिनको १:१० बजे प्रारम्भ भयो ।

सर्वप्रथम प्रारम्भ भएको शून्य समयमा निम्नलिखित मा० सदस्यहरुले समसामयिक विषयहरुमा आ-आफ्नो भनाई राख्नुभयो :-

१. मा० श्री अतहर कमाल मुसलमान
२. मा० डा० अमरेश कुमार सिंह
३. मा० श्री अमृता थापा
४. मा० श्री ईन्दु कुमारी शर्मा
५. मा० श्री उमा रेग्मी
६. मा० श्री कलिला खातुन
७. मा० श्री खगराज अधिकारी
८. मा० श्री खेमप्रसाद लोहनी
९. मा० श्री गगन कुमार थापा
१०. मा० श्री गणेश कुमार पहाडी
११. मा० श्री गौरीशंकर चौधरी
१२. मा० श्री गंगा चौधरी (सत्गौवा)
१३. मा० श्री जीपछिरिङ लामा
१४. मा० श्री जुली कुमारी महतो

तदुपरान्त प्रतिनिधि सभा नियमावली, २०७५ को परिच्छेद ८ बमोजिम प्रारम्भ भएको प्रश्नोत्तरको कार्यक्रम अन्तर्गत ऊर्जा, जलस्रोत तथा सिँचाई मन्त्रालयसँग सम्बन्धित मौखिक प्रश्नको उत्तर दिने कार्यक्रममा निम्नलिखित मा० सदस्यहरुबाट सोधिएका प्रश्नहरुको मा० ऊर्जा, जलस्रोत तथा सिँचाई मन्त्री श्री वर्षमान पुनले उत्तर दिनुभयो :-

| प्रश्नकर्ता | पुरक प्रश्नकर्ताहरु |
|---|---|
| प्रश्न नं. १<br>मा० श्री प्रेम सुवाल | १. मा० श्री प्रेम सुवाल<br>२. मा० श्री सरिता गिरी<br>३. मा० श्री रंगमती शाही |
| प्रश्न नं. २<br>मा० श्री खगराज अधिकारी | १. मा० श्री खगराज अधिकारी<br>२. मा० श्री पुष्पा भुसाल (गौतम)<br>३. मा० श्री महेश बस्नेत |
| प्रश्न नं. ३<br>मा० श्री डिला सँग्रौला (पंत) | १. मा० श्री डिला सँग्रौला (पंत)<br>२. मा० श्री देवप्रसाद तिमलसेना<br>३. मा० श्री दिव्यमणि राजभण्डारी |

तत्पश्चात सम्माननीय सभामुखले आजको प्रश्नोत्तरको कार्यक्रम समाप्त भएको जानकारी गराउनु भयो ।

त्यसपछि सम्माननीय सभामुखले महानगरीय प्रहरी वृत्त, नयाँ बानेश्वरको मिति २०७६/०६/१९ गतेको पत्रबाट जबरजस्ती करणी उद्योग मुद्दाको अनुसन्धानको सिलसिलामा काठमाडौं जिल्ला अदालतको अनुमतिबाट कारागार कार्यालय डिल्लीबजार, काठमाडौंमा थुनामा रहनुभएका प्रतिनिधि सभाका माननीय सदस्य श्री कृष्ण बहादुर महरालाई काठमाडौं जिल्ला अदालतको मिति २०७६/११/५ गतेको फैसलाले अभियोग माग दावीबाट सफाई पाउने ठहर गरी मिति २०७६/११/०५ गते थुनामुक्त हुनुभएको व्यहोरा मा० सदस्यहरुलाई जानकारी गराउनु भयो ।

तदुपरान्त सम्माननीय सभामुखले राष्ट्रपतिको कार्यालयबाट प्राप्त निम्नलिखित पत्रको व्यहोरा पढेर सुनाउनु भयो ।

सम्माननीय राष्ट्रपति श्रीमती विद्यादेवी भण्डारीज्यूले सम्माननीय प्रधानमन्त्री श्री के.पी. शर्मा ओलीज्यूको नेतृत्वमा मिति २०७४/११/३ गते गठित मौजुदा मन्त्रिपरिषद्मा नेपालको

संविधानको धारा ७६ को उपधारा (९) बमोजिम सम्माननीय प्रधानमन्त्रीज्यूको सिफारिशमा माननीय डा. शिवमाया तुम्बाहाङफेज्यूलाई मन्त्री पदमा नियुक्त गरी हाल माननीय स्वास्थ्य तथा जनसंख्या मन्त्री श्री भानुभक्त ढकालज्यूले सम्हाल्दै आउनुभएको कानून, न्याय तथा संसदीय मामिला मन्त्रालयको कार्यभार सम्हाल्ने गरी तोक्नु भएको व्यहोरा अनुरोध गर्दछु ।

मिति : २०७६/११/५

(डा. हरि पौडेल)
सचिव

तत्पश्चात प्रतिनिधि सभाका सचिव श्री गोपालनाथ योगीले राष्ट्रिय सभाबाट सन्देश सहित प्राप्त "मिडिया काउन्सिल विधेयक, २०७५" र "अन्तरदेशीय संगठित अपराध विरुद्धको महासन्धि अन्तर्गतको पार्लेमो अभिसन्धि" टेबुल गर्नुभयो ।

त्यसपछि सार्वजनिक लेखा समितिका मा० सभापति श्री भरत कुमार शाहले "सार्वजनिक लेखा समितिको वार्षिक प्रतिवेदन, २०७६" पेश गर्नुभयो ।

तदुपरान्त मा० उपप्रधानमन्त्री एवं रक्षा मन्त्री श्री ईश्वर पोखरेलले "सैनिक (पहिलो संशोधन) विधेयक, २०७६" लाई प्रस्तुत गर्न अनुमति माग्ने प्रस्ताव प्रस्तुत गर्नुभयो ।

तत्पश्चात "सैनिक (पहिलो संशोधन) विधेयक, २०७६" लाई अनुमति माग्ने प्रस्तावमाथि प्रतिनिधि सभा नियमावली, २०७५ को नियम १०४ बमोजिम विरोधको सूचना प्राप्त नभएकोले मा० उपप्रधानमन्त्री एवं रक्षा मन्त्री श्री ईश्वर पोखरेलले "सैनिक (पहिलो संशोधन) विधेयक, २०७६" पेश गर्नुभयो ।

त्यसपछि मा० कृषि तथा पशुपन्छी विकास मन्त्री श्री घनश्याम भुसालले "पशु स्वास्थ्य तथा पशु सेवा परिषद् विधेयक, २०७६" लाई प्रस्तुत गर्न अनुमति माग्ने प्रस्ताव प्रस्तुत गर्नुभयो ।

तदुपरान्त "पशु स्वास्थ्य तथा पशु सेवा परिषद् विधेयक, २०७६" लाई अनुमति माग्ने प्रस्तावमाथि प्रतिनिधि सभा नियमावली, २०७५ को नियम १०४ बमोजिम विरोधको सूचना प्राप्त नभएकोले मा० कृषि तथा पशुपन्छी विकास मन्त्री श्री घनश्याम भुसालले "पशु स्वास्थ्य तथा पशु सेवा परिषद् विधेयक, २०७६" पेश गर्नुभयो ।

तत्पश्चात सम्माननीय सभामुखले पूर्व सदस्य भागवत ज्ञवालीको निधन भएकोमा निम्नलिखित शोक प्रस्ताव प्रस्तुत गर्नुहुँदा सर्वसम्मतिबाट पारित भयो ।

शोक प्रस्ताव

"प्रतिनिधि सभाको यो बैठक २०४८ सालको प्रतिनिधि सभा सदस्य निर्वाचनमा नेपाली काँग्रेस पार्टीको तर्फबाट गुल्मी जिल्ला क्षेत्र नं. २ बाट निर्वाचित सदस्य, तत्कालिन मानव अधिकार तथा परराष्ट्र समितिका सभापति, लोकतान्त्रिक आन्दोलनका योद्धा एवं नेपाली काँग्रेसका अग्रज, निष्ठावान र समाजसेवी नेता भागवत ज्ञवालीको ७५ वर्षको उमेरमा मिति २०७६ साल फागुन ६ गते मंगलबार उपचारको क्रममा ललितपुरस्थित अल्का अस्पतालमा असामयिक निधन भएकोमा गहिरो शोक प्रकट गर्दछ र उहाँको दिवंगत आत्माको चीरशान्तिको कामना गर्दै शोक-सन्तप्त परिवारप्रति समवेदना प्रकट गर्दछ ।"

त्यसपछि सभाले स्वर्गीय भागवत ज्ञवालीको निधनप्रति शोक व्यक्त गर्न उठेर १ मिनेट मौन धारण गऱ्यो ।

तदनन्तर अर्को बैठक २०७६ साल फागुन ८ गते बिहीबार दिनको १:०० बस्नेगरी दिनको २:२० बजे स्थगित भयो ।

मनोहरप्रसाद भट्टराई
संघीय संसदको महासचिव

# संघीय संसद
# प्रतिनिधि सभा
पाँचौं अधिवेशन
## बैठक संख्या - १६

## सूचनापत्र - २
(बैठकको कारवाहीको संक्षिप्त विवरण)

२०७६ साल फागुन ८ गते बिहीबार

प्रतिनिधि सभाको आजको बैठक सम्माननीय सभामुख श्री अग्निप्रसाद सापकोटाको अध्यक्षतामा दिनको ३:०० बजे प्रारम्भ भयो ।

सर्वप्रथम बैठक प्रारम्भ हुनासाथ नेपाली काँग्रेसका मा० सदस्यहरु आ-आफ्नो स्थान अगाडि उभिनुभएपछि सम्माननीय सभामुखले मा० श्री पुष्पा भुसाल (गौतम) लाई समय दिनुहुँदा उहाँले सेक्युरिटी प्रिन्टीङ्ग प्रेस खरिद प्रक्रियामा नेपाल सरकारका सञ्चार तथा प्रविधि मन्त्री र विजय प्रकाश मिश्रबीच ७० करोड बराबरको लेनदेन गर्ने कुरा चलेको अडियो टेप सार्वजनिक भएकोतर्फ प्रमुख प्रतिपक्षीको गम्भिर ध्यानाकर्षण भएको जानकारी गराउँदै भ्रष्टाचार विरुद्ध कडा कदम चाल्ने सम्माननीय प्रधानमन्त्रीको प्रतिवद्धता उहाँकै मन्त्रिपरिषद् सदस्यबाट उल्लघंन भएको विषयमा प्रधानमन्त्रीले सदनमा जवाफ दिनुपर्ने, सञ्चार तथा सूचना प्रविधि मन्त्रीलाई तत्काल बर्खास्त गरी भ्रष्टाचार कसूरमा कारवाही अगाडि बढाई निष्पक्ष छानविन गर्नुपर्ने भन्नुहुँदै यस सम्बन्धमा सदनलाई चित्तबुझ्दो जानकारी नगराएसम्म आजको सदनको कारवाहीमा प्रतिपक्षले सहयोग गर्न नसक्ने जानकारी गराउनुभएपछि नेपाली काँग्रेसका मा० सदस्यहरु आ-आफ्नो आशन अगाडि उभिनुभयो ।

तदुपरान्त सम्माननीय सभामुखले मा० सदस्यहरुले राख्नुभएको विषयले सदनमा प्रवेश पाइसकेको, सदनलाई जानकारी भैसकेको, सरकारको समेत ध्यानाकर्षण भैसकेको भन्नुहुँदै सम्बन्धित मन्त्रीबाट समेत राजीनामा दिइने अनौपचारिक जानकारी आएकोले आ-आफ्नो आशन ग्रहण गरी सदनको कारवाही अगाडि बढाउन सहयोग गर्न आग्रह गर्नुहुँदा पनि उहाँहरु उभिइरहनु भएपछि सम्माननीय सभामुखले बैठक २०७६ साल फागुन १३ गते मंगलबार दिनको १:०० बजेसम्मको लागि स्थगित गर्नुभयो ।

तदनन्तर अर्को बैठक २०७६ साल फागुन १३ गते मंगलबार दिनको १:०० बस्नेगरी दिनको ३:१० बजे स्थगित भयो ।

मनोहरप्रसाद भट्टराई
संघीय संसदको महासचिव

# संघीय संसद
# प्रतिनिधि सभा

पाँचौं अधिवेशन

## बैठक संख्या - १७

## सूचनापत्र - २

(बैठकको कारवाहीको संक्षिप्त विवरण)

२०७६ साल फागुन १३ गते मंगलबार

प्रतिनिधि सभाको आजको बैठक सम्माननीय सभामुख श्री अग्निप्रसाद सापकोटाको अध्यक्षतामा दिनको १:१० बजे प्रारम्भ भयो ।

सर्वप्रथम बैठक प्रारम्भ हुनासाथ नेपाली काँग्रेसका मा० सदस्यहरु आ-आफ्नो स्थान अगाडि उभिनुभएपछि सम्माननीय सभामुखले मा० श्री मिनेन्द्र प्रसाद रिजाललाई समय दिनुहुँदा उहाँले सेक्युरिटी प्रिन्टीङ्ग प्रेस खरिद प्रक्रियामा ७० करोड बराबरको भ्रष्टाचार, नेपाल ट्रष्टका भवन र जग्गा यति होल्डिङ्गलाई दिएको विषय, बालुवाटार जग्गा प्रकरणमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगलाई पारेको प्रभाव, वाइड बडी जहाज खरीद प्रक्रियामा भएको घोटाला सम्बन्धमा हालसम्म छानविन नसकिएको, सञ्चार तथा सूचना प्रविधि मन्त्रालयमा मात्र खरबौंको भ्रष्टाचारको कुरा आएको, प्रधानमन्त्रीको जन्मदिनमा देखिएको तामझामले पुराना राजाहरुलाई पनि ईर्ष्या लागेको, पार्टीको झगडा मिलाउन संविधान संशोधन गर्न लागिएको लगायतका विषयहरुमा सम्माननीय प्रधानमन्त्रीको ध्यानाकर्षण गराउनु हुँदै यी विषयहरुमा सदनले प्रधानमन्त्रीको जवाफ चाहेको छ भन्नुहुँदै प्रमुख प्रतिपक्ष सदन सुचारु गर्ने कुरामा सहमत भएको जानकारी गराउनु भयो ।

त्यसपछि सम्माननीय सभामुखले प्रमुख प्रतिपक्ष दलले उठाएको विषयका सम्बन्धमा संसदको सार्वजनिक लेखा समितिले छानविन शुरु गरिसकेको र सरकारको समेत ध्यानाकर्षण भएको हुनुपर्ने भन्नुहुँदै सो विषयतर्फ सरकारको गम्भिर ध्यानाकर्षण गराउँछु भन्नुभयो ।

तदुपरान्त मा० श्री सरिता गिरीले सरकार आफै भ्रष्टाचारमा लिप्त रहेको, सञ्चार तथा सूचना प्रविधि मन्त्रीको राजीनामा पछि मात्र ढिलो गरी अख्तियार दुरुपयोग अनुसन्धान आयोगले छानविन गरेको, नेपाल टेलिकममा पनि यति होल्डिङ्ग कम्पनीको संलग्नतामा भ्रष्टाचार भएको, स्थानीय पूर्वाधार साझेदारीको माध्यमबाट सम्पूर्ण सांसदहरुलाई भ्रष्टाचार गर्न प्रेरित गरिएको, कमिशनतन्त्रको नियन्त्रण गर्न स्पष्ट कानुन बनाउनु पर्ने, यी सम्पूर्ण विषयहरुमा सम्माननीय प्रधानमन्त्रीबाट जवाफ आउनुपर्ने र सरकारबाट जवाफ नआए यस्ता विषयहरुको छानविन गर्न संसदीय छानविन समिति गठन हुनुपर्ने भन्नुभयो ।

तत्पश्चात मा० श्री प्रमोद साहले मधेशीवादी दल र सशस्त्र विद्रोहमा रहेका थुप्रैसँग पटक पटक सम्झौता गरी संविधान संशोधनको प्रतिवद्धता गरेपनि नभएको तर एउटा व्यक्तिलाई केन्द्रमा राखेर संविधान संशोधन गर्न लागिएको विषय मान्य नहुने, सरकारका मन्त्रीहरुले नै भ्रष्टाचारलाई प्रश्रय दिने काम गरेको विषयमा सम्माननीय प्रधानमन्त्रीले सदनलाई जवाफ दिनुपर्ने भन्नुभयो ।

त्यसपछि प्रारम्भ भएको शून्य समयमा निम्नलिखित मा० सदस्यहरुले समसामयिक विषयहरुमा आ-आफ्नो भनाई राख्नुभयो :-

१. मा० श्री डिला सँग्रौला (पंत)
२. मा० श्री तेजुलाल चौधरी
३. मा० श्री दिव्यमणि राजभण्डारी
४. मा० श्री दीपक प्रकाश भट्ट
५. मा० श्री देवप्रसाद गुरुङ
६. मा० श्री देवप्रसाद तिमलसेना
७. मा० श्री देवेन्द्र राज कंडेल
८. मा० श्री धर्माशीला चापागाई
९. मा० श्री नन्दलाल रोका क्षेत्री
१०. मा० श्री नवराज सिलवाल
११. मा० श्री पार्वता डि.सी. (चौधरी)
१२. मा० श्री पार्वती कुमारी विशुन्के
१३. मा० श्री पुष्पा भुसाल (गौतम)
१४. मा० श्री प्रकाश रसाईली (स्नेही)
१५. मा० श्री प्रदिप यादव
१६. मा० श्री प्रमिला राई

तदुपरान्त प्रारम्भ भएको विशेष समयमा निम्नलिखित मा० सदस्यहरुले भाग लिनुभयो :-

१. मा० श्री भीमबहादुर रावल
२. मा० श्री गगन कुमार थापा
३. मा० श्री शेरबहादुर तामाङ
४. मा० श्री सञ्जय कुमार गौतम
५. मा० श्री रामसहाय प्रसाद यादव
६. मा० श्री गजेन्द्र बहादुर महत
७. मा० श्री उमा रेग्मी
८. मा० श्री रामकुमारी चौधरी
९. मा० श्री प्रमोद साह

तत्पश्चात सम्माननीय सभामुखले राष्ट्रपतिको कार्यालयबाट प्राप्त निम्नलिखित पत्रको व्यहोरा पढेर सुनाउनु भयो :-

सम्माननीय राष्ट्रपति श्रीमती विद्यादेवी भण्डारीज्यूले मौजुदा मन्त्रिपरिषद्का माननीय सञ्चार तथा सूचना प्रविधि र सहरी विकास मन्त्री गोकुलप्रसाद बाँस्कोटाले नेपालको संविधानको धारा ७७ को उपधारा (२) को खण्ड (क) बमोजिम आफ्नो पदबाट राजीनामा दिनुभएकोले सम्माननीय प्रधानमन्त्रीज्यूको सिफारिशमा निजले सम्हाल्दै आउनुभएको सञ्चार तथा सूचना प्रविधि मन्त्रालयको कार्यभार माननीय अर्थमन्त्री डा० युवराज खतिवडाले र सहरी विकास मन्त्रालयको कार्यभार माननीय भौतिक पूर्वाधार तथा यातायात मन्त्री वसन्तकुमार नेम्वाङ्गले सम्हाल्ने गरी तोक्नुभएको व्यहोरा सादर अनुरोध गर्दछु ।

मिति : २०७६/११/८ (डा० हरि पौडेल)
सचिव

त्यसपछि सम्माननीय प्रधानमन्त्रीको तर्फबाट मा० कानुन, न्याय तथा संसदीय मामिला मन्त्री डा० शिवमाया तुम्वाहाङ्फेले "अख्तियार दुरुपयोग अनुसन्धान आयोगको उनन्तीसौं वार्षिक प्रतिवेदन" पेश गर्नुभयो ।

तदुपरान्त मा० अर्थ मन्त्री डा० युवराज खतिवडाले "सार्वजनिक ऋण व्यवस्थापन विधेयक, २०७६ माथि विचार गरियोस्" भन्ने प्रस्ताव प्रस्तुत गर्नुभयो ।

तत्पश्चात "सार्वजनिक ऋण व्यवस्थापन विधेयक, २०७६ माथि विचार गरियोस्" भन्ने प्रस्तावमाथि अर्थात् विधेयकमाथिको सामान्य छलफलमा निम्नलिखित मा० सदस्यहरुले भाग लिनुभयो :-

१. मा० श्री दिव्यमणि राजभण्डारी
२. मा० श्री नवराज सिलवाल
३. मा० श्री ज्ञानेन्द्रबहादुर कार्की
४. मा० श्री गजेन्द्र बहादुर महत

त्यसपछि मा० अर्थ मन्त्री डा० युवराज खतिवडाले छलफलमा उठेका प्रश्नहरुको जवाफ दिनुभयो ।

तदुपरान्त सम्माननीय सभामुखले "सार्वजनिक ऋण व्यवस्थापन विधेयक, २०७६ माथि विचार गरियोस्" भन्ने प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्नुहुँदा मा० श्री देवप्रसाद तिमलसेनाले नियमापत्ति गर्नुहुँदै नेपालको संविधानको धारा ९४ बमोजिम सदनमा गणपुरक संख्या नपुग भएको भनी प्रश्न उठाउनु भएपछि सम्माननीय सभामुखले नेपालको संविधानको धारा ९४ बमोजिम कुनैपनि प्रश्न वा प्रस्ताव निर्णयार्थ पेश गर्न प्रतिनिधि सभाको एक चौथाई सदस्य उपस्थित हुनु पर्ने भएकोले ३ मिनेट घण्टी बजाई गणपूरक संख्या यकिन गर्दा गणपुरक संख्या ६९ हुनुपर्नेमा हाल मा० सदस्यहरुको संख्या ७० रहेकोले गणपुरक संख्या पुगेको जानकारी गराउनु हुँदै उक्त प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्नुहुँदा सर्वसम्मतिबाट स्वीकृत भयो ।

तत्पश्चात मा० अर्थ मन्त्री डा० युवराज खतिवडाले "बैङ्क तथा वित्तीय संस्था सम्बन्धी (पहिलो संशोधन) विधेयक, २०७६ माथि विचार गरियोस्" भन्ने प्रस्ताव प्रस्तुत गर्नुभयो ।

त्यसपछि "बैङ्क तथा वित्तीय संस्था सम्बन्धी (पहिलो संशोधन) विधेयक, २०७६ माथि विचार गरियोस्" भन्ने प्रस्तावमाथि अर्थात् विधेयकमाथिको सामान्य छलफलमा निम्नलिखित मा० सदस्यहरुले भाग लिनुभयो :-

१. मा० श्री राजेन्द्र कुमार के.सी.
२. मा० श्री कृष्णभक्त पोखेल
३. मा० श्री दिव्यमणि राजभण्डारी
४. मा० श्री ज्ञानेन्द्र बहादुर कार्की
५. मा० श्री उमेश श्रेष्ठ
६. मा० श्री रेनुका गुरुङ्ग
७. मा० श्री गजेन्द्र बहादुर महत
८. मा० श्री घनश्याम खतिवडा
९. मा० श्री सञ्जय कुमार गौतम
१०. मा० श्री प्रेम सुवाल
११. मा० श्री रंगमती शाही

तदुपरान्त मा० अर्थ मन्त्री डा० युवराज खतिवडाले छलफलमा उठेका प्रश्नहरुको जवाफ दिनुभयो ।

तत्पश्चात सम्माननीय सभामुखले "बैङ्क तथा वित्तीय संस्था सम्बन्धी (पहिलो संशोधन) विधेयक, २०७६ माथि विचार गरियोस्" भन्ने प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्नुहुँदा मा० श्री अतहर कमाल मुसलमानले नियमापत्ति गर्नुहुँदै नेपालको संविधानको धारा ९४ बमोजिम सदनमा गणपुरक संख्या नपुग भएको भनी प्रश्न उठाउनु भएपछि सम्माननीय सभामुखले नेपालको संविधानको धारा ९४ बमोजिम कुनैपनि प्रश्न वा प्रस्ताव निर्णयार्थ पेश गर्न प्रतिनिधि सभाको एक चौथाई सदस्य उपस्थित हुनु पर्ने भएकोले ३ मिनेट घण्टी बजाई गणपूरक संख्या यकिन गर्दा गणपुरक संख्या ६९ हुनुपर्नेमा हाल मा० सदस्यहरुको संख्या ५८ रहेकोले गणपुरक संख्या नपुगेको जानकारी गराउनु हुँदै बैठक १५ मिनेटको लागि स्थगित गर्नुभयो ।

तदनन्तर अर्को बैठक आजै १५ मिनेटपछि बस्नेगरी दिनको ४:२० बजे स्थगित भयो ।

प्रतिनिधि सभाको आजै १५ मिनेटपछि बस्नेगरी स्थगित भएको बैठक विशेष कारणवश बस्न नसक्ने भएकोले सूचनापत्र-४ प्रकाशित गरी २०७६ साल फागुन १४ गते बुधबार दिनको १:०० बस्नेगरी स्थगित भयो ।

मनोहरप्रसाद भट्टराई
संघीय संसदको महासचिव

# संघीय संसद

## प्रतिनिधि सभा

## सूचनापत्र –४

## २०७६ साल फागुन १३ गते

## मंगलबार

आज मिति २०७६ साल फागुन १३ गते मंगलबार १५ मिनेटको लागि स्थगित भएको प्रतिनिधि सभाको बैठक विशेष कारणवश बस्न नसक्ने भएकोले प्रतिनिधि सभा नियमावली, २०७५ को नियम ६ को उपनियम (३) बमोजिम सम्माननीय सभामुखज्यूले अर्को बैठक मिति २०७६ साल फागुन १४ गते बुधबार दिनको १:०० बजे बस्नेगरी निर्धारण गर्नुभएको व्यहोरा मा० सदस्यहरुको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**मनोहरप्रसाद भट्टराई**
**संघीय संसदको महासचिव**

# संघीय संसद
# प्रतिनिधि सभा
पाँचौं अधिवेशन
## बैठक संख्या - १८
## सूचनापत्र - २
(बैठकको कारवाहीको संक्षिप्त विवरण)

२०७६ साल फागुन १४ गते बुधबार

प्रतिनिधि सभाको आजको बैठक सम्माननीय सभामुख श्री अग्निप्रसाद सापकोटाको अध्यक्षतामा दिनको १:१५ बजे प्रारम्भ भयो ।

सर्वप्रथम प्रारम्भ भएको शून्य समयमा निम्नलिखित मा० सदस्यहरुले समसामयिक विषयहरुमा आ-आफ्नो भनाई राख्नुभयो :-

१. मा० श्री बिमला नेपाली
२. मा० श्री भवानीप्रसाद खापुङ्ग
३. मा० श्री महेश्वरजंग गहतराज (अथक)
४. मा० श्री मायादेवी न्यौपाने
५. मा० श्री मिनबहादुर विश्वकर्म
६. मा० श्री मीना सुब्बा
७. मा० श्री मीना पाण्डे
८. मा० श्री मोहन बानियां
९. मा० श्री यज्ञबहादुर बोगटी
१०. मा० श्री यज्ञराज सुनुवार
११. मा० श्री रंगमती शाही
१२. मा० श्री राजबहादुर बुढा क्षेत्री
१३. मा० श्री राजेन्द्र कुमार के.सी.
१४. मा० श्री राजेन्द्र प्रसाद गौतम
१५. मा० श्री रामबहादुर विष्ट
१६. मा० श्री रेखा कुमारी
१७. मा० श्री रेनुका गुरुङ्ग
१८. मा० श्री लक्ष्मणलाल कर्ण
१९. मा० श्री लक्ष्मी परियार

तदुपरान्त पूर्व प्रधानमन्त्री डा० बाबुराम भट्टराईले सम्माननीय प्रधानमन्त्रीले फागुन ३ गते सरकारको २ वर्षे कार्यकाल पुगेको अवसरमा सम्बोधन गर्ने क्रममा यस अधिका मन्त्रिपरिषद्ले नेपाल ट्रष्टको मातातीर्थ वरिपरिका जग्गा मोही र जोताह किसानलाई वितरण गर्ने गरी गरेको नीतिगत निर्णयलाई छानविन गरिने भन्नुभएको विषयतर्फ आफ्नो ध्यानाकर्षण भएको र सो विषय आफु प्रधानमन्त्री हुँदा गरिएको निर्णय भएकोले सो विषयमा के कस्तो प्रक्रिया अपनाई वितरण गरिएको हो सबै विवरण सदनलाई जानकारी गराउनु हुँदै उक्त निर्णय कानुन सम्मत भएको र पाउनु पर्ने वास्तविक व्यक्तिहरुलाई दिइएको छ भन्नुभयो । साथै उहाँले राजनैतिक पूर्वाग्रहका आधारमा उक्त निर्णयलाई बालुवाटार जग्गा प्रकरणसँग नहेर्न समेत ध्यानाकर्षण गराउँदै प्रधानमन्त्री र प्रधानन्यायाधीश समेतलाई छानविन गर्न सक्ने गरी संसदप्रति उत्तरदायी एउटा शक्तिशाली आयोग समेत गठन गर्न सुझाव दिँदै सबै सार्वजनिक पदाधिकारीको सम्पत्ति समेत छानविन गर्नुपर्ने माग गर्नुभयो ।

तत्पश्चात सम्माननीय सभामुखले आजको कार्यसूचीको क्रमसंख्या ४ र ६ मा रहेको कार्यक्रम सूचीबाट हटाईनुका साथै कार्यसूचीमा सामान्य हेरफेर समेत गरेको व्यहोरा जानकारी गराउनु भयो ।

त्यसपछि सम्माननीय सभामुखले मिति २०७६ फागुन १३ गते गणपूरक संख्याको अभावमा निर्णय हुन नसकेको "बैङ्क तथा वित्तीय संस्था सम्बन्धी (पहिलो संशोधन) विधेयक, २०७६ माथि विचार गरियोस्" भन्ने प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्नुहुँदा बहुमतबाट स्वीकृत भयो ।

तदुपरान्त वन तथा वातावरण मन्त्रालयसँग सम्बन्धित मौखिक प्रश्नको उत्तर दिने कार्यक्रममा निम्नलिखित मा० सदस्यहरुबाट सोधिएका प्रश्नहरुको मा० वन तथा वातावरण मन्त्री श्री शक्तिबहादुर बस्नेतले उत्तर दिनुभयो :-

| प्रश्नकर्ता | पुरक प्रश्नकर्ताहरु |
|---|---|
| प्रश्न नं. ४<br>मा० श्री डिला सँग्रौला (पंत) | १. मा० श्री डिला सँग्रौला (पंत)<br>२. मा० श्री मीना पाण्डे<br>३. मा० श्री देवप्रसाद तिमलसेना |

| | |
|---|---|
| प्रश्न नं. ५ | १. मा० श्री डिला सँग्रौला (पंत) |
| मा० श्री डिला सँग्रौला (पंत) | २. मा० श्री सरिता गिरी |
| | ३. मा० श्री प्रेम सुवाल |

तत्पश्चात सम्माननीय सभामुखले आजको प्रश्नोत्तरको कार्यक्रम समाप्त भएको जानकारी गराउनु भयो ।

त्यसपछि अर्थ समितिका मा० सभापति श्री कृष्णप्रसाद दाहालले "नागरिक लगानी कोष (दोस्रो संशोधन) विधेयक सम्बन्धी समितिको प्रतिवेदन, २०७६" पेश गर्नुभयो ।

तदुपरान्त शिक्षा तथा स्वास्थ्य समितिका मा० सदस्य श्री जीवनराम श्रेष्ठले "राष्ट्रिय खेलकुद विकास विधेयक सम्बन्धी समितिको प्रतिवेदन, २०७६" पेश गर्नुभयो ।

तत्पश्चात मा० शिक्षा, विज्ञान तथा प्रविधि मन्त्री श्री गिरिराजमणि पोखरेलले "शिक्षा तथा स्वास्थ्य समितिको प्रतिवेदन सहितको शिक्षा सम्बन्धी केही नेपाल ऐन संशोधन गर्ने विधेयक, २०७५ माथि छलफल गरियोस्" भनी राख्नुभएको प्रस्तावलाई सम्माननीय सभामुखले निर्णयार्थ प्रस्तुत गर्नुहुँदा सर्वसम्मतिबाट स्वीकृत भयो ।

त्यसपछि शिक्षा तथा स्वास्थ्य समितिको प्रतिवेदन सहित "शिक्षा सम्बन्धी केही नेपाल ऐन संशोधन गर्ने विधेयक, २०७५" माथिको छलफलमा निम्नलिखित मा० सदस्यहरुले भाग लिनुभयो :-

१. मा० श्री प्रेम सुवाल
२. मा० श्री पुष्पा भुसाल (गौतम)
३. मा० श्री रेनुका गुरुङ्ग
४. मा० श्री छक्कबहादुर लामा

तदुपरान्त मा० शिक्षा, विज्ञान तथा प्रविधि मन्त्री श्री गिरिराजमणि पोखरेलले छलफलमा उठेका प्रश्नहरुको जवाफ दिनुभयो ।

तत्पश्चात सम्माननीय सभामुखले "शिक्षा सम्बन्धी केही नेपाल ऐन संशोधन गर्ने विधेयक, २०७५" का सम्बन्धमा कानुन, न्याय तथा मानव अधिकार समितिको प्रतिवेदनको क्रमसंख्या १ देखि १२ सम्म उल्लेखित संशोधनहरुलाई निर्णयार्थ प्रस्तुत गर्नुहुँदा सर्वसम्मतिबाट स्वीकृत भयो ।

त्यसपछि सम्माननीय सभामुखले "शिक्षा सम्बन्धी केही नेपाल ऐन संशोधन गर्ने विधेयक, २०७५" का सम्बन्धमा शिक्षा तथा स्वास्थ्य समितिको प्रतिवेदनको क्रमसंख्या १ देखि १२ सम्म उल्लेखित संशोधनहरुलाई विधेयकको अंग बनोस् भनी निर्णयार्थ प्रस्तुत गर्नुहुँदा सर्वसम्मतिबाट स्वीकृत भयो ।

तदुपरान्त सम्माननीय सभामुखले विधेयकको दफा २ देखि १४ सम्म "शिक्षा सम्बन्धी केही नेपाल ऐन संशोधन गर्ने विधेयक, २०७५" को अंग बनोस् भनी निर्णयार्थ प्रस्तुत गर्नुहुँदा सर्वसम्मतिबाट स्वीकृत भयो ।

तत्पश्चात सम्माननीय सभामुखले विधेयकको प्रस्तावना र नाम पढेर सुनाउनु हुँदै "शिक्षा सम्बन्धी केही नेपाल ऐन संशोधन गर्ने विधेयक, २०७५" को अंग बनोस् भनी निर्णयार्थ प्रस्तुत गर्नुहुँदा सर्वसम्मतिबाट स्वीकृत भयो ।

त्यसपछि मा० शिक्षा, विज्ञान तथा प्रविधि मन्त्री श्री गिरिराजमणि पोखरेलले "शिक्षा सम्बन्धी केही नेपाल ऐन संशोधन गर्ने विधेयक, २०७५ लाई पारित गरियोस्" भनी राख्नुभएको प्रस्तावलाई सम्माननीय सभामुखले निर्णयार्थ प्रस्तुत गर्नुहुँदा बहुमतबाट स्वीकृत भयो ।

तदुपरान्त मा० कृषि तथा पशुपन्छी विकास मन्त्री श्री घनश्याम भुसाललाई "कृषि, सहकारी तथा प्राकृतिक स्रोत समितिको प्रतिवेदन सहितको बीउ बिजन (दोस्रो संशोधन) विधेयक, २०७५ माथि छलफल गरियोस्" भनी राख्नुभएको प्रस्तावलाई सम्माननीय सभामुखले निर्णयार्थ प्रस्तुत गर्नुहुँदा सर्वसम्मतिबाट स्वीकृत भयो ।

तत्पश्चात कृषि, सहकारी तथा प्राकृतिक स्रोत समितिको प्रतिवेदन सहित बीउ बिजन (दोस्रो संशोधन) विधेयक, २०७५" माथिको छलफलमा निम्नलिखित मा० सदस्यहरुले भाग लिनुभयो :-

१. मा० श्री प्रेम सुवाल
२. मा० श्री देवप्रसाद तिमलसेना
३. मा० श्री शेरबहादुर तामाङ
४. मा० श्री राजेन्द्र कुमार के.सी.
५. मा० श्री मिना सुब्बा

त्यसपछि मा० कृषि तथा पशुपन्छी विकास मन्त्री श्री घनश्याम भुसालले छलफलमा उठेका प्रश्नहरुको जवाफ दिनुभयो ।

तदुपरान्त सम्माननीय सभामुखले "बीउ बिजन (दोस्रो संशोधन) विधेयक, २०७५" का सम्बन्धमा कृषि, सहकारी तथा प्राकृतिक स्रोत समितिको प्रतिवेदनको क्रमसंख्या १ देखि १४ सम्म उल्लेखित संशोधनहरुलाई निर्णयार्थ प्रस्तुत गर्नुहुँदा सर्वसम्मतिबाट स्वीकृत भयो ।

तत्पश्चात सम्माननीय सभामुखले "बीउ बिजन (दोस्रो संशोधन) विधेयक, २०७५" का सम्बन्धमा कृषि, सहकारी तथा प्राकृतिक स्रोत समितिको प्रतिवेदनको क्रमसंख्या १ देखि १४ सम्म उल्लेखित संशोधनहरुलाई विधेयकको अंग बनोस् भनी निर्णयार्थ प्रस्तुत गर्नुहुँदा सर्वसम्मतिबाट स्वीकृत भयो ।

त्यसपछि सम्माननीय सभामुखले विधेयकको दफा २ देखि २० सम्म "बीउ बिजन (दोस्रो संशोधन) विधेयक, २०७६" को अंग बनोस् भनी निर्णयार्थ प्रस्तुत गर्नुहुँदा सर्वसम्मतिबाट स्वीकृत भयो ।

तदुपरान्त सम्माननीय सभामुखले विधेयकको प्रस्तावना र नाम पढेर सुनाउनु हुँदै "बीउ बिजन (दोस्रो संशोधन) विधेयक, २०७६" को अंग बनोस् भनी निर्णयार्थ प्रस्तुत गर्नुहुँदा सर्वसम्मतिबाट स्वीकृत भयो ।

तत्पश्चात मा० कृषि तथा पशुपन्छी विकास मन्त्री श्री घनश्याम भुसालले "बीउ बिजन (दोस्रो संशोधन) विधेयक, २०७६ लाई पारित गरियोस्" भनी राख्नुभएको प्रस्तावलाई सम्माननीय सभामुखले निर्णयार्थ प्रस्तुत गर्नुहुँदा सर्वसम्मतिबाट स्वीकृत भयो ।

त्यसपछि मा० कृषि तथा पशुपन्छी विकास मन्त्री श्री घनश्याम भुसाललाई "कृषि, सहकारी तथा प्राकृतिक स्रोत समितिको प्रतिवेदन सहितको बिरुवा संरक्षण (पहिलो संशोधन) विधेयक, २०७५ माथि छलफल गरियोस्" भनी राख्नुभएको प्रस्तावलाई सम्माननीय सभामुखले निर्णयार्थ प्रस्तुत गर्नुहुँदा सर्वसम्मतिबाट स्वीकृत भयो ।

तदुपरान्त कृषि, सहकारी तथा प्राकृतिक स्रोत समितिको प्रतिवेदन सहित बिरुवा संरक्षण (पहिलो संशोधन) विधेयक, २०७५" माथिको छलफलमा मा० श्री पुष्पा भुसाल (गौतम) र मा० श्री प्रेम सुवालले भाग लिनुभयो ।

तत्पश्चात मा० कृषि तथा पशुपन्छी विकास मन्त्री श्री घनश्याम भुसालले छलफलमा उठेका प्रश्नहरुको जवाफ दिनुभयो ।

त्यसपछि सम्माननीय सभामुखले "बिरुवा संरक्षण (पहिलो संशोधन) विधेयक, २०७५" का सम्बन्धमा कृषि, सहकारी तथा प्राकृतिक स्रोत समितिको प्रतिवेदनको क्रमसंख्या १ देखि ५ सम्म उल्लेखित संशोधनहरुलाई निर्णयार्थ प्रस्तुत गर्नुहुँदा सर्वसम्मतिबाट स्वीकृत भयो ।

तदुपरान्त सम्माननीय सभामुखले "बिरुवा संरक्षण (पहिलो संशोधन) विधेयक, २०७५" का सम्बन्धमा कृषि, सहकारी तथा प्राकृतिक स्रोत समितिको प्रतिवेदनको क्रमसंख्या १ देखि ५ सम्म उल्लेखित संशोधनहरुलाई विधेयकको अंग बनोस् भनी निर्णयार्थ प्रस्तुत गर्नुहुँदा सर्वसम्मतिबाट स्वीकृत भयो ।

तत्पश्चात सम्माननीय सभामुखले विधेयकको दफा २ देखि १४ सम्म "बिरुवा संरक्षण (पहिलो संशोधन) विधेयक, २०७६" को अंग बनोस् भनी निर्णयार्थ प्रस्तुत गर्नुहुँदा सर्वसम्मतिबाट स्वीकृत भयो ।

त्यसपछि सम्माननीय सभामुखले विधेयकको प्रस्तावना र नाम पढेर सुनाउनु हुँदै "बिरुवा संरक्षण (पहिलो संशोधन) विधेयक, २०७६" को अंग बनोस् भनी निर्णयार्थ प्रस्तुत गर्नुहुँदा सर्वसम्मतिबाट स्वीकृत भयो ।

तदुपरान्त मा० कृषि तथा पशुपन्छी विकास मन्त्री श्री घनश्याम भुसालले "बिरुवा संरक्षण (पहिलो संशोधन) विधेयक, २०७६ लाई पारित गरियोस्" भनी राख्नुभएको प्रस्तावलाई सम्माननीय सभामुखले निर्णयार्थ प्रस्तुत गर्नुहुँदा सर्वसम्मतिबाट स्वीकृत भयो ।

तदनन्तर अर्को बैठक २०७६ साल फागुन १५ गते बिहीबार दिनको १:०० बस्नेगरी दिनको ४:२५ बजे स्थगित भयो ।

मनोहरप्रसाद भट्टराई
संघीय संसदको महासचिव

# संघीय संसद
# प्रतिनिधि सभा
पाँचौं अधिवेशन
## बैठक संख्या - १९
## सूचनापत्र - २
(बैठकको कारवाहीको संक्षिप्त विवरण)

२०७६ साल फागुन १५ गते बिहीबार

प्रतिनिधि सभाको आजको बैठक सम्माननीय सभामुख श्री अग्निप्रसाद सापकोटाको अध्यक्षतामा दिनको १:०५ बजे प्रारम्भ भयो ।

सर्वप्रथम प्रारम्भ भएको शून्य समयमा निम्नलिखित मा० सदस्यहरुले समसामयिक विषयहरुमा आ-आफ्नो भनाई राख्नुभयो :-

१. मा० श्री लालकाजी गुरुङ्ग
२. मा० श्री लालबाबु पण्डित
३. मा० श्री विनादेवी बुढाथोकी
४. मा० श्री विमला विश्वकर्मा
५. मा० श्री सत्य पहाडी
६. मा० श्री समिना हुसेन
७. मा० श्री सरिता कुमारी गिरी
८. मा० श्री सरवत आरा खानम
९. मा० श्री सूर्यप्रसाद पाठक
१०. मा० श्री सञ्जय कुमार गौतम
११. मा० श्री हरिराज अधिकारी
१२. मा० श्री हिरा गुरुङ्ग
१३. मा० श्री ज्ञानेन्द्रबहादुर कार्की

तदुपरान्त प्रारम्भ भएको विशेष समयमा निम्नलिखित मा० सदस्यहरुले भाग लिनुभयो :-

१. मा० श्री जनार्दन शर्मा
२. मा० श्री अतहर कमाल मुसलमान
३. मा० श्री महिन्द्र राय यादव
४. मा० श्री रामबाबु कुमार यादव
५. मा० श्री दुर्गा पौडेल
६. मा० श्री प्रेम सुवाल
७. मा० श्री पदम गिरी
८. मा० श्री भीमसेनदास प्रधान
९. मा० श्री बृजेश कुमार गुप्त
१०. मा० श्री पुष्पा भुसाल (गौतम)
११. मा० श्री ईन्दुकुमारी शर्मा
१२. मा० श्री मोहम्मद इस्तियाक राई

तत्पश्चात सम्माननीय प्रधानमन्त्रीको तर्फबाट मा० कानुन, न्याय तथा संसदीय मामिला मन्त्री डा० शिवमाया तुम्वाहाङफेले राष्ट्रिय सभामा उत्पत्ति भएको “संघ, प्रदेश र स्थानीय तह (अन्तरसम्बन्ध व्यवस्थापन) विधेयक, २०७६ माथि विचार गरियोस्” भन्ने प्रस्ताव प्रस्तुत गर्नुभयो ।

त्यसपछि “संघ, प्रदेश र स्थानीय तह (अन्तरसम्बन्ध व्यवस्थापन) विधेयक, २०७६ माथि विचार गरियोस्” भन्ने प्रस्तावमाथि अर्थात् विधेयकमाथिको सामान्य छलफलमा निम्नलिखित मा० सदस्यहरुले भाग लिनुभयो :-

१. मा० श्री खगराज अधिकारी
२. मा० श्री दिलेन्द्रप्रसाद बडू
३. मा० श्री देवप्रसाद गुरुङ
४. मा० श्री पुष्पा भुसाल (गौतम)
५. मा० श्री लक्ष्मणलाल कर्ण
६. मा० श्री रेनुका गुरुङ्ग
७. मा० श्री अतहर कमाल मुसलमान
८. मा० श्री प्रेम सुवाल
९. मा० श्री सरिता गिरी
१०. मा० श्री मन कुमारी जी.सी.
११. मा० श्री आशा कुमारी वि.क.
१२. मा० श्री गजेन्द्र बहादुर महत
१३. मा० श्री प्रदिप गिरी

तदुपरान्त सम्माननीय प्रधानमन्त्रीको तर्फबाट मा० कानुन, न्याय तथा संसदीय मामिला मन्त्री डा० शिवमाया तुम्वाहाङफेले छलफलमा उठेका प्रश्नहरुको जवाफ दिनुभयो ।

तत्पश्चात सम्माननीय सभामुखले “संघ, प्रदेश र स्थानीय तह (अन्तरसम्बन्ध व्यवस्थापन) विधेयक, २०७६ माथि विचार गरियोस्” भन्ने प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्नुहुँदा मा० श्री देवप्रसाद तिमलसेनाले नियमापत्ति गर्नुहुँदै नेपालको संविधानको धारा ९४ बमोजिम सदनमा गणपुरक संख्या नपुग भएको भनी प्रश्न उठाउनु भएपछि सम्माननीय सभामुखले नेपालको संविधानको धारा ९४ बमोजिम कुनैपनि प्रश्न वा प्रस्ताव निर्णयार्थ पेश गर्न प्रतिनिधि सभाको एक चौथाई सदस्य उपस्थित हुनु पर्ने भएकोले ३ मिनेट घण्टी बजाई गणपूरक संख्या यकिन गर्दा गणपुरक संख्या ६९ हुनुपर्नेमा हाल मा० सदस्यहरुको संख्या ५८ रहेकोले गणपुरक संख्या नपुगेको जानकारी गराउनु हुँदै कार्यसूचीको बाँकी सम्पूर्ण कार्यक्रम सूचीबाट हटाइएको व्यहोरा जानकारी गराउनु भयो ।

तदनन्तर अर्को बैठक २०७६ साल फागुन १८ गते आइतबार दिनको १:०० बस्नेगरी दिनको ३:४५ बजे स्थगित भयो ।

मनोहरप्रसाद भट्टराई
संघीय संसदको महासचिव

# संघीय संसद
# प्रतिनिधि सभा
पाँचौं अधिवेशन
## बैठक संख्या - २०
## सूचनापत्र - २
(बैठकको कारवाहीको संक्षिप्त विवरण)

२०७६ साल फागुन १८ गते आइतबार

प्रतिनिधि सभाको आजको बैठक सम्माननीय सभामुख श्री अग्निप्रसाद सापकोटाको अध्यक्षतामा दिनको १:१० बजे प्रारम्भ भयो ।

सर्वप्रथम प्रतिनिधि सभामा विपक्षी दलका नेता मा० श्री शेरबहादुर देउवाले प्राणघातक रोग कोरोना भाइरस ५० भन्दा बढि देशमा फैलिएको र नेपाल पनि उच्च जोखिममा रहेको भनी विश्व स्वास्थ्य संगठनले भनीसकेकोले त्यसको रोकथामको लागि सरकारले उचित प्रबन्ध गर्न माग गर्नुहुँदै सेक्युरिटी प्रिन्टीङ्ग प्रेस खरीद प्रकरणमा उठेको भ्रष्टाचारको मुद्दामा सरकार गम्भीर नभएको, नेपाल ट्रष्टको श्वेतपत्र, गोकर्ण रिर्सोट लिज प्रकरण, नेपाल टेलिकममा भएको अरबौंको भ्रष्टाचारका सम्बन्धमा प्रश्न उठाउनुका साथै पेट्रोलियम पदार्थमा लगाएको कर तुरुन्त फिर्ता हुनुपर्ने लगायतका विषयहरुमा आफ्नो धारणा राख्नुभयो ।

तत्पश्चात मा० श्री सरिता गिरीले नेपाल सरकार मन्त्रिपरिषद्बाट पेट्रोलियम पदार्थमा लगाइएको पूर्वाधार करले प्रत्यक्ष रुपमा संसदको अधिकार क्षेत्र हनन भएको भन्नुहुँदै कर लगाउने र उठाउने कार्य सदनको अनुमति विना गर्न नपाइने भएकोले उक्त कार्य तुरुन्त फिर्ता गर्न माग गर्नुभयो ।

तदुपरान्त सम्माननीय सभामुखले आजको दैनिक कार्यसूचीमा सामान्य हेरफेर गरेको व्यहोरा जानकारी गराउनु हुँदै मिति २०७६ साल फागुन १५ गते गणपूरक संख्याको अभावमा निर्णय हुन बाँकी “संघ, प्रदेश र स्थानीय तह (अन्तरसम्बन्ध व्यवस्थापन) विधेयक, २०७६ माथि विचार गरियोस्” भन्ने प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्नुहुँदा सर्वसम्मतिबाट स्वीकृत भयो ।

तदुपरान्त प्रतिनिधि सभा नियमावली, २०७५ को नियम ७१ बमोजिम मा० श्री विन्दा पाण्डेले “बोक्सा-बोक्सी, दाइजो लगायतका कुरिती तथा एसिड प्रहार जस्ता आपराधिक कार्य देशमा विद्यमान रहेको अवस्थामा यस्ता अमानवीय, असंवेदनशील र अमर्यादित प्रथा प्रचलन कुरिती र विकृतिको अन्त्यका लागि कानुनी कारवाही गर्न तथा यस सम्बन्धमा विशेष अभियान सञ्चालन गर्न आवश्यक भएकोले” भन्ने सम्बन्धी सार्वजनिक महत्वको प्रस्तावमाथि संक्षिप्त वक्तव्य सहित छलफल प्रारम्भ गर्नुभयो ।

तत्पश्चात उक्त प्रस्तावका समर्थक मा० श्री नवराज सिलवाल र मा० श्री सरिता कुमारी गिरीले प्रस्तावको समर्थन गर्दै छलफलमा भाग लिनुभयो ।

त्यसपछि उक्त प्रस्तावमाथिको छलफल निम्नलिखित मा० सदस्यहरुले भाग लिनुभयो :-

१. मा० श्री कृष्णभक्त पोखेल
२. मा० श्री डिला सँग्रौला (पंत)
३. मा० श्री पार्वता डि.सी. (चौधरी)
४. मा० श्री सत्य पहाडी
५. मा० श्री थममाया थापा
६. मा० श्री गोमा देवकोटा
७. मा० श्री समिना हुसेन
८. मा० श्री गजेन्द्र बहादुर महत
९. मा० श्री लक्ष्मी परियार
१०. मा० श्री रामकुमारी झांक्री
११. मा० श्री जुली कुमारी महतो
१२. मा० श्री राधा कुमारी ज्ञवाली
१३. मा० श्री पार्वती कुमारी विशुन्के

यसैबीच मा० श्री राजेन्द्र कुमार के.सी.ले सदनमा सरकारको कुनैपनि मन्त्री उपस्थिति नरहेको विषयमा ध्यानाकर्षण गराउँदा गराउँदै मा० मन्त्री बैठक कक्षमा प्रवेश गर्नुभयो ।

१४. मा० श्री गंगा चौधरी (सत्गौवा)
१५. मा० श्री चाँदतारा कुमारी
१६. मा० श्री दिल कुमारी
१७. मा० श्री विना कुमारी श्रेष्ठ
१८. मा० श्री अञ्जना विसंखे
१९. मा० श्री प्रदिप यादव

२०. मा० श्री शान्ता चौधरी
२१. मा० श्री प्रमिला राई
२२. मा० श्री दुर्गा पौडेल
२३. मा० श्री कु. तुल्सी थापा
२४. मा० श्री सरला कुमारी यादव
२५. मा० श्री मन कुमारी जि.सी.
२६. मा० श्री सुजाता परियार
२७. मा० श्री रेनुका गुरुङ्ग
२८. मा० श्री विद्या भट्टराई
२९. मा० श्री गगन कुमार थापा
३०. मा० श्री शान्तिमाया तामाङ पाखिन
३१. मा० श्री विमला वि.क.

तदुपरान्त मा० महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्री श्री पार्वत गुरुङ्गले उक्त प्रस्तावमाथिको छलफलमा उठेका प्रश्नहरुको जवाफ दिनुभयो ।

तत्पश्चात मा० अर्थ एवं सञ्चार तथा सूचना प्रविधि मन्त्री डा० युवराज खतिवडाले "नेपाल राष्ट्र बैङ्क (तेस्रो संशोधन) विधेयक, २०७६ माथि विचार गरियोस्" भन्ने प्रस्ताव प्रस्तुत गर्नुभयो ।

त्यसपछि "नेपाल राष्ट्र बैङ्क (तेस्रो संशोधन) विधेयक, २०७६ माथि विचार गरियोस्" भन्ने प्रस्तावमाथि अर्थात् विधेयकमाथिको सामान्य छलफलमा निम्नलिखित मा० सदस्यहरुले भाग लिनुभयो :-

१. मा० श्री दिव्यमणि राजभण्डारी
२. मा० श्री मिनेन्द्र प्रसाद रिजाल
३. मा० श्री भरत कुमार शाह
४. मा० श्री ज्ञानेन्द्र बहादुर कार्की
५. मा० श्री रेनुका गुरुङ्ग

तदुपरान्त मा० अर्थ एवं सञ्चार तथा सूचना प्रविधि मन्त्री डा० युवराज खतिवडाले छलफलमा उठेका प्रश्नहरुको जवाफ दिनुभयो ।

तत्पश्चात सम्माननीय सभामुखले "नेपाल राष्ट्र बैङ्क (तेस्रो संशोधन) विधेयक, २०७६ माथि विचार गरियोस्" भन्ने प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्नुहुँदा मा० श्री प्रकाश रसाईली (स्नेही)ले नियमापत्ति गर्नुहुँदै नेपालको संविधानको धारा ९४ बमोजिम सदनमा गणपुरक संख्या नपुग भएको भनी प्रश्न उठाउनु भएपछि सम्माननीय सभामुखले नेपालको संविधानको धारा ९४ बमोजिम कुनैपनि प्रश्न वा प्रस्ताव निर्णयार्थ पेश गर्न प्रतिनिधि सभाको एक चौथाई सदस्य उपस्थित हुनु पर्ने भएकोले ३ मिनेट घण्टी बजाई गणपूरक संख्या यकिन गर्दा गणपुरक संख्या ६९ हुनुपर्नेमा हाल मा० सदस्यहरुको संख्या ५४ रहेकोले गणपुरक संख्या नपुगेको जानकारी गराउनु हुँदै कार्यसूचीको बाँकी सम्पूर्ण कार्यक्रम सूचीबाट हटाइएको व्यहोरा जानकारी गराउनु भयो ।

तदनन्तर अर्को बैठक २०७६ साल फागुन १९ गते सोमबार दिनको १:०० बस्नेगरी दिनको ५:०० बजे स्थगित भयो ।

मनोहरप्रसाद भट्टराई
संघीय संसदको महासचिव

# संघीय संसद
# प्रतिनिधि सभा
पाँचौं अधिवेशन
## बैठक संख्या - २१
## सूचनापत्र - २
(बैठकको कारवाहीको संक्षिप्त विवरण)

२०७६ साल फागुन १९ गते सोमबार

---

प्रतिनिधि सभाको आजको बैठक सम्माननीय सभामुख श्री अग्निप्रसाद सापकोटाको अध्यक्षतामा दिनको १:२० बजे प्रारम्भ भयो ।

सर्वप्रथम बैठक प्रारम्भ हुनासाथ समाजवादी पार्टीका मा० सदस्यहरु आ-आफ्नो आशन अगाडि उभिनुभएपछि सम्माननीय सभामुखले मा० श्री सरिता गिरीलाई समय दिनुहुँदा उहाँले सरकारले पेट्रोलियम पदार्थमा लगाइएको करको विषयमा अघिल्लो बैठकमा समेत उठाएको विषय स्मरण गराउँदै सम्पूर्ण जनतालाई करको बोझ सरकारबाट थपिएको, नेपाल आयल निगम छुट्टै र नेपाल सरकारले छुट्टै गरी दोहोरो कर जनतामा परेको तर कर तिर्ने जनताले कुनै सुविधा नपाएको, सरकारलाई संसदको अधिकार क्षेत्र हनन गरी कर लगाउने र उठाउने अधिकार नरहेको भन्नुहुँदै यस विषयमा सम्माननीय सभामुखबाट निर्देशन हुनुपर्ने भन्नुभयो ।

तदुपरान्त सम्माननीय सभामुखले मा० सदस्यले उठाउनु भएको विषयतर्फ सदनको ध्यानाकर्षण भैसकेको र म सरकारको समेत ध्यानाकर्षण गराउँछु भन्नुभयो ।

तत्पश्चात प्रारम्भ भएको शून्य समयमा निम्नलिखित मा० सदस्यहरुले समसामयिक विषयहरुमा आ-आफ्नो धारणा राख्नुभयो :-

१. मा० श्री अञ्जना विसंखे
२. मा० श्री अतहर कमाल मुसलमान
३. मा० श्री उमा रेग्मी
४. मा० श्री एकवाल मियाँ
५. मा० श्री कलिला खातुन
६. मा० श्री कु. तुल्सी थापा
७. मा० श्री कृष्णभक्त पोखेल
८. मा० श्री खगराज अधिकारी
९. मा० श्री गंगा चौधरी (सत्गौवा)
१०. मा० श्री चाँदतारा कुमारी
११. मा० श्री छक्कबहादुर लामा
१२. मा० श्री जीपछिरिङ लामा
१३. मा० श्री जीवनराम श्रेष्ठ
१४. मा० श्री जुली कुमारी महतो

त्यसपछि प्रारम्भ भएको विशेष समयमा निम्नलिखित मा० सदस्यहरुले भाग लिनुभयो :-

१. मा० श्री देवेन्द्र पौडेल
२. मा० श्री दिलेन्द्रप्रसाद बडू
३. मा० श्री महिन्द्र राय यादव
४. मा० श्री प्रदिप यादव
५. मा० श्री राजेन्द्र प्रसाद लिङ्देन
६. मा० श्री दिव्यमणि राजभण्डारी
७. मा० श्री सरिता कुमारी गिरी
८. मा० श्री शान्ता चौधरी
९. मा० श्री प्रकाश रसाईली (स्नेही)

तदुपरान्त सम्माननीय सभामुखले मिति २०७६ साल फागुन १८ गते गणपूरक संख्याको अभावमा निर्णय हुन बाँकी “नेपाल राष्ट्र बैङ्क (तेस्रो संशोधन) विधेयक, २०७६ माथि विचार गरियोस्” भन्ने प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्नुहुँदा सर्वसम्मतिबाट स्वीकृत भयो ।

तत्पश्चात मा० गृह मन्त्री श्री रामबहादुर थापाले “कारागार विधेयक, २०७६ माथि विचार गरियोस्” भन्ने प्रस्ताव प्रस्तुत गर्नुभयो ।

त्यसपछि “कारागार विधेयक, २०७६ माथि विचार गरियोस्” भन्ने प्रस्तावमाथि अर्थात् विधेयकमाथिको सामान्य छलफलमा निम्नलिखित मा० सदस्यहरुले भाग लिनुभयो :-

१. मा० श्री कृष्णभक्त पोखेल
२. मा० श्री पुष्पा भुसाल (गौतम)
३. मा० श्री दिलेन्द्रप्रसाद बडू
४. मा० श्री रेनुका गुरुङ्ग
५. मा० श्री लक्ष्मी परियार
६. मा० श्री अतहर कमाल मुसलमान

| | | | |
|---|---|---|---|
| ७. | मा० श्री विमला वि.क. | १३. | मा० श्री मनकुमारी जि.सी. |
| ८. | मा० श्री नवराज सिलवाल | १४. | मा० श्री उमा रेग्मी |
| ९. | मा० श्री सरिता गिरी | १५. | मा० श्री सञ्जय कुमार गौतम |
| १०. | मा० श्री छक्कबहादुर लामा | १६. | मा० श्री पार्वता डि.सी. (चौधरी) |
| ११. | मा० श्री मिना सुब्बा | १७. | मा० श्री सुजाता परियार |
| १२. | मा० श्री बृजेश कुमार गुप्त | | |

तदुपरान्त मा० गृह मन्त्री श्री रामबहादुर थापाले छलफलमा उठेका प्रश्नहरुको जवाफ दिनुभयो ।

तत्पश्चात सम्माननीय सभामुखले "कारागार विधेयक, २०७६ माथि विचार गरियोस्" भन्ने प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्नुहुँदा मा० श्री पार्वता डि.सी. (चौधरी)ले नियमापत्ति गर्नुहुँदै नेपालको संविधानको धारा ९४ बमोजिम सदनमा गणपुरक संख्या नपुग भएको भनी प्रश्न उठाउनु भएपछि सम्माननीय सभामुखले नेपालको संविधानको धारा ९४ बमोजिम कुनैपनि प्रश्न वा प्रस्ताव निर्णयार्थ पेश गर्न प्रतिनिधि सभाको एक चौथाई सदस्य उपस्थित हुनु पर्ने भएकोले ३ मिनेट घण्टी बजाई गणपूरक संख्या यकिन गर्दा गणपुरक संख्या ६९ हुनुपर्नेमा हाल मा० सदस्यहरुको संख्या ६५ रहेकोले गणपुरक संख्या नपुगेको जानकारी गराउनु हुँदै कार्यसूचीको बाँकी सम्पूर्ण कार्यक्रम सूचीबाट हटाइएको व्यहोरा जानकारी गराउनु भयो ।

तदनन्तर अर्को बैठक २०७६ साल फागुन २१ गते बुधबार दिनको १:०० बस्नेगरी दिनको ४:०० बजे स्थगित भयो ।

मनोहरप्रसाद भट्टराई
संघीय संसदको महासचिव

# संघीय संसद
# प्रतिनिधि सभा
पाँचौं अधिवेशन
## बैठक संख्या - २२
## सूचनापत्र - २
(बैठकको कारवाहीको संक्षिप्त विवरण)

२०७६ साल फागुन २१ गते बुधबार

प्रतिनिधि सभाको आजको बैठक सम्माननीय सभामुख श्री अग्निप्रसाद सापकोटाको अध्यक्षतामा दिनको १:३५ बजे प्रारम्भ भयो ।

सर्वप्रथम सम्माननीय सभामुखले निम्नलिखित विशेष प्रस्ताव प्रस्तुत गर्नुहुँदा सर्वसम्मतिबाट स्वीकृत भयो :-

विशेष प्रस्ताव

"सम्माननीय प्रधानमन्त्री श्री के.पी. शर्मा ओलीज्यूको आजै महाराजगञ्जस्थित मनमोहन कार्डियोथोरासिक भास्कुलर एण्ड ट्रान्सप्लान्ट सेन्टरमा मृगौला प्रत्यारोपणको कार्य भैरहेकोमा प्रतिनिधि सभाको यो बैठक सम्माननीय प्रधानमन्त्रीको मृगौला प्रत्यारोपण कार्य सफलताका साथ सम्पन्न होस् भन्ने कामना गर्दछ । साथै उहाँको शीघ्र स्वास्थ्य लाभको समेत कामना गर्दछ ।"

तदुपरान्त सम्माननीय सभामुखले राष्ट्रपतिको कार्यालयबाट प्राप्त निम्नलिखित पत्रको व्यहोरा पढेर सुनाउनु भयो ।

सम्माननीय राष्ट्रपति श्रीमती विद्यादेवी भण्डारीज्यूले मौजुदा मन्त्रिपरिषद्का माननीय अर्थ र सञ्चार तथा सूचना प्रविधि मन्त्री डा. युवराज खतिवडाले नेपालको संविधानको धारा ७७ को उपधारा (२) को खण्ड (क) बमोजिम आफ्नो पदबाट राजीनामा दिनुभएकोले सम्माननीय प्रधानमन्त्रीज्यूको सिफारिशमा निजले सम्हाली आउनुभएको अर्थ र सञ्चार तथा सूचना प्रविधि मन्त्रालयको कार्यभार सम्माननीय प्रधानमन्त्री श्री के.पी. शर्मा ओलीज्यूले सम्हाल्ने गरी तोक्नु भएको व्यहोरा सादर अनुरोध गर्दछु ।

मिति : २०७६/११/२० (डा. हरि पौडेल)
सचिव

तत्पश्चात सम्माननीय सभामुखले मिति २०७६ साल फागुन १९ गते गणपूरक संख्याको अभावमा निर्णय हुन बाँकी "कारागार विधेयक, २०७६ माथि विचार गरियोस्" भन्ने प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्नुहुँदा सर्वसम्मतिबाट स्वीकृत भयो ।

त्यसपछि मा० कृषि तथा पशुपन्छी विकास मन्त्री श्री घनश्याम भुसालले "पशु स्वास्थ्य तथा पशु सेवा परिषद् विधेयक, २०७६ माथि विचार गरियोस्" भन्ने प्रस्ताव प्रस्तुत गर्नुभयो ।

तदुपरान्त "पशु स्वास्थ्य तथा पशु सेवा परिषद् विधेयक, २०७६ माथि विचार गरियोस्" भन्ने प्रस्तावमाथि अर्थात् विधेयकमाथिको सामान्य छलफलमा मा० श्री कृष्णभक्त पोखेल र मा० श्री पुष्पा भुसाल (गौतम)ले भाग लिनुभयो ।

तत्पश्चात मा० कृषि तथा पशुपन्छी विकास मन्त्री श्री घनश्याम भुसालले छलफलमा उठेका प्रश्नहरुको जवाफ दिनुभयो ।

त्यसपछि सम्माननीय सभामुखले "पशु स्वास्थ्य तथा पशु सेवा परिषद् विधेयक, २०७६ माथि विचार गरियोस्" भन्ने प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्नुहुँदा सर्वसम्मतिबाट स्वीकृत भयो ।

तदुपरान्त मा० भौतिक पूर्वाधार तथा यातायात एवं सहरी विकास मन्त्री श्री वसन्त कुमार नेम्वाङ्गले राष्ट्रिय सभामा उत्पत्ति भएको "नेपाल इन्जिनियरिङ परिषद् (पहिलो संशोधन) विधेयक, २०७६ लाई दफावार छलफलको लागि सम्बन्धित समितिमा पठाईयोस्" भनी राख्नुभएको प्रस्तावलाई सम्माननीय सभामुखले निर्णयार्थ प्रस्तुत गर्नुहुँदा सर्वसम्मतिबाट स्वीकृत भयो ।

तत्पश्चात मा० युवा तथा खेलकुद मन्त्री श्री जगतबहादुर सुनार (विश्वकर्मा)ले "शिक्षा तथा स्वास्थ्य समितिको प्रतिवेदन सहितको राष्ट्रिय खेलकुद विकास विधेयक, २०७५ माथि छलफल गरियोस्" भनी राख्नुभएको प्रस्तावलाई सम्माननीय सभामुखले निर्णयार्थ प्रस्तुत गर्नुहुँदा सर्वसम्मतिबाट स्वीकृत भयो ।

त्यसपछि शिक्षा तथा स्वास्थ्य समितिको प्रतिवेदन सहित राष्ट्रिय खेलकुद विकास विधेयक, २०७५ माथिको छलफलमा मा० श्री दिव्यमणि राजभण्डारी, मा० श्री रेनुका गुरुङ्ग र मा० श्री मिना सुब्बाले भाग लिनुभयो ।

तदुपरान्त मा० युवा तथा खेलकुद मन्त्री श्री जगतबहादुर सुनार (विश्वकर्मा)ले छलफलमा उठेका प्रश्नहरुको जवाफ दिनुहुँदै सरकारको तर्फबाट प्रस्ताव भएको विधेयकको प्रस्तावनाको अन्तिम हरफमा रहेको "आवश्यक" भन्ने शब्द

हटाई शिक्षा तथा स्वास्थ्य समितिले विधेयकको प्रस्तावनामा गरेको बाँकी संशोधन यथावत स्वीकार्य भएको जानकारी गराउनु भयो ।

तत्पश्चात सम्माननीय सभामुखले “राष्ट्रिय खेलकुद विकास विधेयक, २०७५” का सम्बन्धमा मा० मन्त्रीले शिक्षा तथा स्वास्थ्य समितिको प्रतिवेदनको क्रमसंख्या १ देखि ३० सम्म उल्लेखित संशोधनहरुलाई निर्णयार्थ प्रस्तुत गर्नुहुँदा सर्वसम्मतिबाट स्वीकृत भयो ।

त्यसपछि सम्माननीय सभामुखले “राष्ट्रिय खेलकुद विकास विधेयक, २०७५” का सम्बन्धमा शिक्षा तथा स्वास्थ्य समितिको प्रतिवेदनको क्रमसंख्या १ देखि ३० सम्म उल्लेखित संशोधनहरुलाई विधेयकको अंग बनोस् भनी निर्णयार्थ प्रस्तुत गर्नुहुँदा सर्वसम्मतिबाट स्वीकृत भयो ।

तदुपरान्त सम्माननीय सभामुखले विधेयकको दफा २ देखि ४८ सम्म “राष्ट्रिय खेलकुद विकास विधेयक, २०७५” को अंग बनोस् भनी निर्णयार्थ प्रस्तुत गर्नुहुँदा सर्वसम्मतिबाट स्वीकृत भयो ।

तत्पश्चात सम्माननीय सभामुखले “राष्ट्रिय खेलकुद विकास विधेयक, २०७५” को प्रस्तावनाको अन्तिम हरफमा रहेको “आवश्यक” भन्ने शब्द हटाउने गरी मा० युवा तथा खेलकुद मन्त्रीले जवाफ दिने क्रममा स्वीकार गर्नुभएको संशोधन स्वीकृतिको लागि निर्णयार्थ प्रस्तुत गर्नुहुँदा सर्वसम्मतिबाट स्वीकृत भयो ।

त्यसपछि सम्माननीय सभामुखले विधेयकको प्रस्तावना र नाम पढेर सुनाउनु हुँदै “राष्ट्रिय खेलकुद विकास विधेयक, २०७६” को अंग बनोस् भनी निर्णयार्थ प्रस्तुत गर्नुहुँदा सर्वसम्मतिबाट स्वीकृत भयो ।

तदुपरान्त मा० युवा तथा खेलकुद मन्त्री श्री जगतबहादुर सुनार (विश्वकर्मा)ले “राष्ट्रिय खेलकुद विकास विधेयक, २०७६ लाई पारित गरियोस्” भनी राख्नुभएको प्रस्तावलाई सम्माननीय सभामुखले निर्णयार्थ प्रस्तुत गर्नुहुँदा सर्वसम्मतिबाट स्वीकृत भयो ।

तत्पश्चात मा० गृह मन्त्री श्री रामबहादुर थापाले “अन्तरदेशीय संगठित अपराध विरुद्धको महासन्धि अन्तर्गतको पालेर्मो अभिसन्धि (Palermo Protocol) माथि सामान्य छलफल गरियोस्” भन्ने प्रस्ताव प्रस्तुत गर्नुभयो ।

त्यसपछि “अन्तरदेशीय संगठित अपराध विरुद्धको महासन्धि अन्तर्गतको पालेर्मो अभिसन्धि (Palermo Protocol) माथि सामान्य छलफल गरियोस्” भन्ने प्रस्तावमाथि अर्थात् सन्धिमाथिको सामान्य छलफलमा निम्नलिखित मा० सदस्यहरुले भाग लिनुभयो :-

१. मा० श्री कृष्णभक्त पोखेल
२. मा० श्री लक्ष्मी परियार
३. मा० श्री दिव्यमणि राजभण्डारी
४. मा० श्री प्रकाश रसाईली (स्नेही)
५. मा० श्री दिलेन्द्रप्रसाद बडू
६. मा० श्री देवेन्द्रराज कंडेल
७. मा० श्री नवराज सिलवाल
८. मा० श्री विन्दा पाण्डे
९. मा० श्री मेटमणि चौधरी
१०. मा० श्री राजेन्द्र कुमार के.सी.
११. मा० श्री विमला वि.क.
१२. मा० श्री पुष्पा भुसाल (गौतम)

तदुपरान्त मा० गृह मन्त्री श्री रामबहादुर थापाले छलफलमा उठेका प्रश्नहरुको जवाफ दिनुभयो ।

तत्पश्चात सम्माननीय सभामुखले “अन्तरदेशीय संगठित अपराध विरुद्धको महासन्धि अन्तर्गतको पालेर्मो अभिसन्धि (Palermo Protocol) माथि सामान्य छलफल गरियोस्” भन्ने प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्नुहुँदा सर्वसम्मतिबाट स्वीकृत भयो ।

त्यसपछि सम्माननीय सभामुखले पूर्व सदस्य धर्मप्रसाद घिमिरेको निधन भएकोमा निम्नलिखित शोक प्रस्ताव प्रस्तुत गर्नुहुँदा सर्वसम्मतिबाट पारित भयो ।

## शोक प्रस्ताव

“प्रतिनिधि सभाको यो बैठक २०६४ सालको संविधान सभा निर्वाचनमा तत्कालिन ने.क.पा. (माओवादी) को तर्फबाट झापा जिल्ला क्षेत्र नं. १ बाट निर्वाचित सदस्य, कम्युनिष्ट एवं लोकतान्त्रिक आन्दोलनमा क्रियाशील जनपक्षीय नेता धर्मप्रसाद घिमिरेको ७४ वर्षको उमेरमा मिति २०७६ साल फागुन २० गते मंगलबार उपचारको क्रममा मित्रराष्ट्र भारतमा निधन भएकोमा गहिरो शोक प्रकट गर्दछ र उहाँको दिवंगत आत्माको चीरशान्तिको कामना गर्दै शोक-सन्तप्त परिवारप्रति समवेदना प्रकट गर्दछ ।”

तदुपरान्त सभाले स्वर्गीय धर्मप्रसाद घिमिरेको निधनप्रति शोक व्यक्त गर्न उठेर १ मिनेट मौन धारण गऱ्यो ।

तदनन्तर अर्को बैठक २०७६ साल फागुन २३ गते शुक्रबार बिहान ११:०० बस्नेगरी दिनको ३:१५ बजे स्थगित भयो ।

मनोहरप्रसाद भट्टराई
संघीय संसदको महासचिव

# संघीय संसद
# प्रतिनिधि सभा
पाँचौं अधिवेशन
## बैठक संख्या - २३

## सूचनापत्र - २
(बैठकको कारवाहीको संक्षिप्त विवरण)

२०७६ साल फागुन २३ गते शुक्रबार

---

प्रतिनिधि सभाको आजको बैठक सम्माननीय सभामुख श्री अग्निप्रसाद सापकोटाको अध्यक्षतामा बिहान ११:१० बजे प्रारम्भ भयो ।

सर्वप्रथम प्रारम्भ भएको शून्य समयमा निम्नलिखित मा० सदस्यहरुले समसामयिक विषयहरुमा आ-आफ्नो भनाई राख्नुभयो :-

१. मा० श्री डिला सँग्रौला (पंत)
२. मा० श्री तेजुलाल चौधरी
३. मा० श्री दिल कुमारी
४. मा० श्री दिलेन्द्र प्रसाद बडू
५. मा० श्री दिव्यमणि राजभण्डारी
६. मा० श्री दुर्गा पौडेल
७. मा० श्री देवप्रसाद गुरुङ
८. मा० श्री देवप्रसाद तिमलसेना
९. मा० श्री धर्माशीला चापागाई
१०. मा० श्री नरमाया ढकाल
११. मा० श्री नवराज सिलवाल
१२. मा० श्री पार्वता डि.सी. (चौधरी)
१३. मा० श्री पार्वती कुमारी विशुन्के
१४. मा० श्री पुष्पा भुसाल (गौतम)
१५. मा० श्री पूर्ण कुमारी सुवेदी
१६. मा० श्री प्रकाश रसाईली (स्नेही)
१७. मा० श्री प्रदिप यादव

तदुपरान्त सम्माननीय सभामुखले राष्ट्रपतिको कार्यालयबाट प्राप्त निम्नलिखित पत्रको व्यहोरा पढेर सुनाउनु भयो :-

> सम्माननीय राष्ट्रपति श्रीमती विद्यादेवी भण्डारीज्यूले सम्माननीय प्रधानमन्त्री श्री के.पी. शर्मा ओलीज्यूको नेतृत्वमा मिति २०७४/११/३ गते गठित मौजुदा मन्त्रिपरिषद्मा नेपालको संविधानको धारा ७८ को उपधारा (१) बमोजिम सम्माननीय प्रधानमन्त्रीज्यूको सिफारिशमा डा. युवराज खतिवडाज्यूलाई मन्त्री पदमा नियुक्त गरी हाल सम्माननीय प्रधानमन्त्री श्री के.पी. शर्मा ओलीज्यूले सम्हाली आउनुभएको अर्थ र सञ्चार तथा सूचना प्रविधि मन्त्रालयको कार्यभार सम्हाल्ने गरी तोक्नु भएको व्यहोरा अनुरोध गर्दछु ।
>
> मिति : २०७६/११/२१
>
> (डा. हरि पौडेल)
> सचिव

तत्पश्चात सम्माननीय प्रधानमन्त्रीको तर्फबाट मा० कानुन, न्याय तथा संसदीय मामिला मन्त्री डा० शिवमाया तुम्वाहाङफेले "संघ, प्रदेश र स्थानीय तह (अन्तरसम्बन्ध व्यवस्थापन) विधेयक, २०७६ लाई दफावार छलफलको लागि सम्बन्धित समितिमा पठाईयोस्" भनी राख्नुभएको प्रस्तावलाई सम्माननीय सभामुखले निर्णयार्थ प्रस्तुत गर्नुहुँदा सर्वसम्मतिबाट स्वीकृत भयो ।

त्यसपछि मा० अर्थ एवं सञ्चार तथा सूचना प्रविधि मन्त्री डा० युवराज खतिवडाले "सार्वजनिक ऋण व्यवस्थापन विधेयक, २०७६", "बैङ्क तथा वित्तीय संस्था सम्बन्धी (पहिलो संशोधन) विधेयक, २०७६" र "नेपाल राष्ट्र बैङ्क (तेस्रो संशोधन) विधेयक, २०७६" लाई दफावार छलफलको लागि सम्बन्धित समितिमा पठाईयोस् भनी राख्नुभएको प्रस्तावलाई सम्माननीय सभामुखले क्रमशः निर्णयार्थ प्रस्तुत गर्नुहुँदा सर्वसम्मतिबाट स्वीकृत भयो ।

तदुपरान्त मा० उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्री श्री लेखराज भट्टले "औद्योगिक व्यवसाय विकास प्रतिष्ठान (पहिलो संशोधन) विधेयक, २०७६ माथि राष्ट्रियसभाबाट भएको संशोधनमाथि विचार गरियोस्" भन्ने प्रस्ताव प्रस्तुत गर्नुभयो ।

त्यसपछि उक्त प्रस्तावमाथिको छलफलमा बोल्नको लागि कुनैपनि मा० सदस्यको नाम प्राप्त नभएकोले सम्माननीय सभामुखले "औद्योगिक व्यवसाय विकास प्रतिष्ठान (पहिलो संशोधन) विधेयक, २०७६ का सम्बन्धमा राष्ट्रिय सभाबाट भएको संशोधनलाई स्वीकृत गरियोस्" भन्ने प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्नुहुँदा सर्वसम्मतिबाट स्वीकृत भयो ।

तत्पश्चात प्रतिनिधि सभा नियमावली, २०७५ को नियम ७१ बमोजिम मा० श्री गगन कुमार थापाले "विश्व स्वास्थ्य संगठनले नेपाललाई कोरोनाको उच्च जोखिम भएको देशमा सुचीकृत गरेको सन्दर्भमा यससँग जुध्न सरकारले के गरेको छ, अस्पतालको अवस्था के छ भन्ने जस्ता प्रश्नहरु सरकारले सदनलाई जानकारी दिनुपर्ने भएको तथा कोरोना विरुद्ध सबै जुटी राष्ट्रिय संकल्पको साथ अगाडि बढ्नु पर्ने भएकोले" भन्ने सम्बन्धी सार्वजनिक महत्वको प्रस्तावमाथि संक्षिप्त वक्तव्य सहित छलफल प्रारम्भ गर्नुभयो ।

त्यसपछि उक्त प्रस्तावका समर्थक निम्नलिखित मा० सदस्यहरुले प्रस्तावको समर्थन गर्दै छलफलमा भाग लिनुभयो :-

१. मा० श्री दिव्यमणि राजभण्डारी
२. मा० श्री राजेन्द्र कुमार के.सी.
३. मा० डा० नारायण खड्का

तदुपरान्त उक्त प्रस्तावमाथिको छलफलमा निम्नलिखित मा० सदस्यहरुले भाग लिनुभयो :-

१. मा० श्री खगराज अधिकारी
२. मा० श्री पार्वता डि.सी. (चौधरी)
३. मा० श्री भरत कुमार शाह
४. मा० श्री डिला सँग्रौला (पंत)
५. मा० श्री लक्ष्मी परियार
६. मा० श्री गंगा चौधरी (सत्गौंवा)
७. मा० श्री रंगमती शाही
८. मा० श्री नवराज सिलवाल
९. मा० श्री दिलेन्द्रप्रसाद बडू
१०. मा० श्री पूर्ण कुमारी सुवेदी
११. मा० श्री देवप्रसाद तिमलसेना
१२. मा० श्री भीमबहादुर रावल
१३. मा० श्री मीना सुब्बा
१४. मा० श्री मेटमणि चौधरी
१५. मा० श्री तेजुलाल चौधरी
१६. मा० श्री रामकुमारी झांक्री
१७. मा० श्री मिनबहादुर विश्वकर्म
१८. मा० श्री विमला नेपाली
१९. मा० श्री लक्ष्मणलाल कर्ण
२०. मा० श्री प्रदिप यादव
२१. मा० श्री शरदसिंह भण्डारी
२२. मा० श्री पार्वती कुमारी विशुन्के
२३. मा० श्री झपटबहादुर रावल
२४. मा० श्री महेश बस्नेत
२५. मा० श्री अञ्जना विसंखे
२६. मा० श्री छक्कबहादुर लामा
२७. मा० श्री कु. तुल्सी थापा
२८. मा० श्री मायादेवी न्यौपाने
२९. मा० श्री प्रमिला राई
३०. मा० श्री ज्ञानेन्द्रबहादुर कार्की
३१. मा० श्री जीवनराम श्रेष्ठ
३२. मा० श्री महेश्वरजंग गहतराज (अथक)
३३. मा० श्री यज्ञराज सुनुवार
३४. मा० श्री प्रदिप गिरी
३५. मा० श्री देवप्रसाद गुरुङ

तत्पश्चात मा० स्वास्थ्य तथा जनसंख्या मन्त्री श्री भानुभक्त ढकालले उक्त प्रस्तावमाथिको छलफलमा उठेका प्रश्नहरुको जवाफ दिनुभयो ।

त्यसपछि सम्माननीय सभामुखले आजको दैनिक कार्यसूचीमा रहेको क्रमसंख्या ६ को कार्यक्रम आगामी बैठकमा रहनेगरी सूचीबाट हटाईएको व्यहोरा जानकारी गराउनु भयो ।

तदनन्तर अर्को बैठक २०७६ साल फागुन २९ गते बिहीबार बिहान ११:०० बस्नेगरी दिनको ३:२५ बजे स्थगित भयो ।

मनोहरप्रसाद भट्टराई
संघीय संसदको महासचिव

# संघीय संसद
# प्रतिनिधि सभा
पाँचौं अधिवेशन
## बैठक संख्या - २४
## सूचनापत्र - २
(बैठकको कारवाहीको संक्षिप्त विवरण)

२०७६ साल फागुन २९ गते बिहीबार

प्रतिनिधि सभाको आजको बैठक सम्माननीय सभामुख श्री अग्निप्रसाद सापकोटाको अध्यक्षतामा बिहान ११:१५ बजे प्रारम्भ भयो ।

सर्वप्रथम प्रारम्भ भएको शून्य समयमा निम्नलिखित मा० सदस्यहरुले समसामयिक विषयहरुमा आ-आफ्नो भनाई राख्नुभयो :-

१. मा० श्री विमला नेपाली
२. मा० श्री भरतकुमार शाह
३. मा० श्री भिमसेनदास प्रधान
४. मा० श्री महेश्वरजंग गहतराज (अथक)
५. मा० श्री मिना सुब्बा
६. मा० श्री मिनबहादुर विश्वकर्म
७. मा० श्री यज्ञबहादुर बोगटी
८. मा० श्री यज्ञराज सुनुवार
९. मा० श्री रंगमती शाही
१०. मा० श्री राजेन्द्र कुमार के.सी.
११. मा० श्री राजेन्द्र प्रसाद गौतम
१२. मा० श्री रामबहादुर विष्ट
१३. मा० श्री रामबाबु कुमार यादव
१४. मा० श्री रेनुका गुरुङ्ग
१५. मा० श्री रेणुकुमारी यादव
१६. मा० श्री लक्ष्मणलाल कर्ण
१७. मा० श्री लक्ष्मी परियार

तदुपरान्त प्रारम्भ भएको विशेष समयमा निम्नलिखित मा० सदस्यहरुले भाग लिनुभयो :-

१. मा० श्री खगराज अधिकारी
२. मा० श्री पुष्पा भुसाल (गौतम)
३. मा० श्री महिन्द्र राय यादव
४. मा० श्री प्रदिप यादव
५. मा० श्री प्रेम सुवाल
६. मा० श्री ईन्दु कुमारी शर्मा
७. मा० श्री डिला सँग्रौला (पंत)
८. मा० श्री उमाशंकर अरगरिया
९. मा० श्री निरादेवी जैरु
१०. मा० श्री राजेन्द्रप्रसाद लिङदेन
११. मा० श्री विद्या भट्टराई
१२. मा० श्री दुर्गा पौडेल

तत्पश्चात मा० अर्थ एवं सञ्चार तथा सूचना प्रविधि मन्त्री डा० युवराज खतिवडाले "धितोपत्र सम्बन्धी ( पहिलो संशोधन) विधेयक, २०७६ माथि विचार गरियोस्" भन्ने प्रस्ताव प्रस्तुत गर्नुभयो ।

त्यसपछि "धितोपत्र सम्बन्धी (पहिलो संशोधन) विधेयक, २०७६ माथि विचार गरियोस्" भन्ने प्रस्तावमाथि अर्थात् विधेयकमाथिको सामान्य छलफलमा निम्नलिखित मा० सदस्यहरुले भाग लिनुभयो :-

१. मा० श्री दिव्यमणि राजभण्डारी
२. मा० श्री राजेन्द्रकुमार के.सी.
३. मा० श्री ज्ञानेन्द्रबहादुर कार्की
४. मा० श्री प्रेम सुवाल
५. मा० श्री शेरबहादुर तामाङ्ग
६. मा० श्री गजेन्द्रबहादुर महत
७. मा० श्री रामकुमारी झाांक्री

तदुपरान्त मा० अर्थ एवं सञ्चार तथा सूचना प्रविधि मन्त्री डा० युवराज खतिवडाले छलफलमा उठेका प्रश्नहरुको जवाफ दिनुभयो ।

तत्पश्चात सम्माननीय सभामुखले "धितोपत्र सम्बन्धी (पहिलो संशोधन) विधेयक, २०७६ माथि विचार गरियोस्" भन्ने प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्नुहुँदा सर्वसम्मतिबाट स्वीकृत भयो ।

त्यसपछि मा० गृह मन्त्री श्री रामबहादुर थापाले "कारागार विधेयक, २०७६ लाई दफावार छलफलको लागि सम्बन्धित समितिमा पठाईयोस्" भनी राख्नुभएको प्रस्तावलाई सम्माननीय सभामुखले निर्णयार्थ प्रस्तुत गर्नुहुँदा सर्वसम्मतिबाट स्वीकृत भयो ।

तदुपरान्त मा० कृषि तथा पशुपन्छी विकास मन्त्री श्री घनश्याम भुसालले "पशु स्वास्थ्य तथा पशु सेवा परिषद् विधेयक, २०७६ लाई दफावार छलफलको लागि सम्बन्धित समितिमा पठाईयोस्" भनी राख्नुभएको प्रस्तावलाई सम्माननीय सभामुखले निर्णयार्थ प्रस्तुत गर्नुहुँदा सर्वसम्मतिबाट स्वीकृत भयो ।

तत्पश्चात मा० गृह मन्त्री श्री रामबहादुर थापाले "अन्तरदेशीय संगठित अपराध विरुद्धको महासन्धि अन्तर्गतको पालेर्मो अभिसन्धि (Palermo Protocol) को प्रावधानमाथि सदनमा छलफल गरियोस्" भनी राख्नुभएको प्रस्तावलाई सम्माननीय सभामुखले निर्णयार्थ प्रस्तुत गर्नुहुँदा सर्वसम्मतिबाट स्वीकृत भयो ।

त्यसपछि अन्तरदेशीय संगठित अपराध विरुद्धको महासन्धि अन्तर्गतको पालेर्मो अभिसन्धि (Palermo Protocol) को प्रावधानमाथिको छलफलमा निम्नलिखित मा० सदस्यहरुले भाग लिनुभयो :-

१. मा० श्री लक्ष्मी परियार
२. मा० श्री गजेन्द्रबहादुर महत
३. मा० श्री प्रेम सुवाल

तदुपरान्त मा० गृह मन्त्री श्री रामबहादुर थापाले छलफलमा उठेका प्रश्नहरुको जवाफ दिनुभयो ।

तत्पश्चात मा० गृह मन्त्री श्री रामबहादुर थापाले "अन्तरदेशीय संगठित अपराध विरुद्धको महासन्धि अन्तर्गतको पालेर्मो अभिसन्धि (Palermo Protocol) लाई निम्नलिखित आरक्षण सहित अनुमोदन गरियोस्" भनी राख्नुभएको प्रस्तावलाई सम्माननीय सभामुखले निर्णयार्थ प्रस्तुत गर्नुहुँदा सर्वसम्मतिबाट अनुमोदन भयो ।

**"Reservation**

**In accordance with Article 15(3), the Government of Nepal declares that it does not consider itself bound by the obligation set forth in Article 15(2)."**

त्यसपछि सम्माननीय सभामुखले पूर्व सदस्य पूर्णकुमार शेर्माको निधन भएकोमा निम्नलिखित शोक प्रस्ताव प्रस्तुत गर्नुहुँदा सर्वसम्मतिबाट पारित भयो ।

शोक प्रस्ताव

"प्रतिनिधि सभाको यो बैठक २०४८ सालमा नेपाली काँग्रेसको तर्फबाट राष्ट्रिय सभामा मनोनित सदस्य, २०६४ सालको संविधान सभा निर्वाचनमा नेपाली काँग्रेसको तर्फबाट पाँचथर जिल्ला क्षेत्र नं. १ बाट निर्वाचित सदस्य, पूर्व स्थानीय विकास मन्त्री, नेपाली राजनीतिमा सादगी, निष्ठावान एवं समाजवादी नेताका रुपमा परिचित विकासप्रेमी नेता पूर्णकुमार शेर्माको ७६ वर्षको उमेरमा मिति २०७६ साल फागुन २८ गते बुधबार ललितपुरस्थित निदान अस्पतालमा मिर्गौला रोगको उपचारको क्रममा निधन भएकोमा गहिरो शोक प्रकट गर्दछ र उहाँको दिवंगत आत्माको चीरशान्तिको कामना गर्दै शोक-सन्तप्त परिवारप्रति समवेदना प्रकट गर्दछ ।"

तदुपरान्त सभाले स्वर्गीय पूर्णकुमार शेर्माको निधनप्रति शोक व्यक्त गर्न उठेर १ मिनेट मौन धारण गर्‍यो ।

तदनन्तर अर्को बैठक २०७६ साल चैत ७ गते शुक्रबार दिनको १:०० बस्नेगरी दिनको १:१५ बजे स्थगित भयो ।

मनोहरप्रसाद भट्टराई
संघीय संसदको महासचिव

# संघीय संसद

## प्रतिनिधि सभा

### सूचनापत्र –४

### २०७६ साल चैत ६ गते

### बिहीबार

मिति २०७६ साल चैत ७ गते शुक्रबार दिनको १:०० बजे बस्ने गरी निर्धारण भएको प्रतिनिधि सभाको बैठक कोभिड– १९ भाइरसको सम्भावित संक्रमणलाई मध्यनजर गर्दै प्रतिनिधि सभा नियमावली, २०७५ को नियम ६ को उपनियम (३) बमोजिम सम्माननीय सभामुखज्यूले अर्को बैठक प्रतिनिधि सभा, कार्यव्यवस्था परामर्श समितिको परामर्शमा मिति २०७६ साल चैत १३ गते बिहीबार दिनको १:०० बजे बस्नेगरी निर्धारण गर्नुभएको व्यहोरा मा० सदस्यहरुको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**गोपालनाथ योगी**
**संघीय संसदको कार्यवाहक महासचिव**

# संघीय संसद

## प्रतिनिधि सभा

### सूचनापत्र –४

### २०७६ साल चैत १२ गते

### बुधबार

मिति २०७६ साल चैत ६ गते बिहीबार सूचनापत्र प्रकाशित गरी मिति २०७६ साल चैत १३ गते बिहीबार दिनको १:०० बजे बस्ने गरी निर्धारण गरिएको प्रतिनिधि सभाको बैठक कोभिड-१९ भाइरसको सम्भावित संक्रमणका कारण नेपाल सरकारले देशभर अत्यावश्यक सेवा बाहेकका सम्पूर्ण सेवाको आवतजावतमा प्रतिबन्ध लगाएको कारण बस्न नसक्ने भएकोले प्रतिनिधि सभा नियमावली, २०७५ को नियम ६ को उपनियम (३) बमोजिम सम्मानननीय सभामुखज्यूले अर्को बैठक मिति २०७६ साल चैत २३ गते आइतबार दिनको १:०० बजे बस्नेगरी निर्धारण गर्नुभएको व्यहोरा मा० सदस्यहरुको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**गोपालनाथ योगी**

**संघीय संसदको कार्यवाहक महासचिव**

F:\Session 5, 2076\Suchana.doc

# संघीय संसद

## प्रतिनिधि सभा

### सूचनापत्र –४

### २०७६ साल चैत २१ गते

### शुक्रबार

मिति २०७६ साल चैत १२ गते बुधबार सूचनापत्र प्रकाशित गरी मिति २०७६ साल चैत २३ गते आइतबार दिनको १:०० बजे बस्ने गरी निर्धारण गरिएको प्रतिनिधि सभाको बैठक कोभिड-१९ भाइरसको सम्भावित संक्रमणका कारण नेपाल सरकारले देशभर अत्यावश्यक सेवा बाहेकका सम्पूर्ण सेवाको आवतजावतमा **लगाएको प्रतिबन्ध यथावत राखेको** कारण बस्न नसक्ने भएकोले प्रतिनिधि सभा नियमावली, २०७५ को नियम ६ को उपनियम (३) बमोजिम सम्माननीय सभामुखज्यूले अर्को बैठक मिति २०७६ साल चैत ३० गते आइतबार दिनको १:०० बजे बस्नेगरी निर्धारण गर्नुभएको व्यहोरा मा० सदस्यहरुको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**गोपालनाथ योगी**

**संघीय संसदको कार्यवाहक महासचिव**

F:\Session 5, 2076\Suchana.doc

# संघीय संसद

## सूचनापत्र –४

## २०७६ साल चैत २४ गते

## सोमबार

सम्माननीय राष्ट्रपतिबाट नेपालको संविधानको धारा ९३ को उपधारा (२) बमोजिम नेपाल सरकार मन्त्रिपरिषद्को मिति २०७६/१२/२४ को सिफारिशमा संघीय संसदको दुवै सदनको चालू अधिवेशन सम्वत् २०७६ साल चैत २४ गते सोमबारका दिन राती १२:०० बजेदेखि अन्त्य गर्नु भएकोले संघीय संसदको दुवै सदनको चालू पाँचौं अधिवेशन आजै मिति २०७६ साल चैत २४ गते सोमबार राती १२:०० बजेदेखि स्वतः अन्त्य हुने भएको हुँदा मिति २०७६ साल चैत २१ गते शुक्रबार सूचना प्रकाशित गरी स्थगित गरिएको प्रतिनिधि सभाको बैठक र मिति २०७६ साल चैत ७ गते शुक्रबार सूचना प्रकाशित गरी स्थगित गरिएको राष्ट्रिय सभाको बैठक समेत अन्त्य भएकोले क्रमशः प्रतिनिधि सभा नियमावली, २०७५ को नियम ३ को उपनियम (२) को प्रतिबन्धात्मक वाक्यांश र राष्ट्रिय सभा नियमावली, २०७५ को नियम ३ को उपनियम (२) को प्रतिबन्धात्मक वाक्यांश बमोजिम मा० सदस्यहरुको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**गोपालनाथ योगी**

**संघीय संसदको कार्यवाहक महासचिव**